# प्रभाव दैनिक
National Daily






वर्ष १२ | अंक २९७ | काठमाडौं | बुधबार, १३ फागुन २०८२ | Prabhab National Daily | Wednesday, 25 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# पुराना दलका उम्मेदवारलाई मतदाताको प्रश्नैप्रश्न

- चुनावी घरदैलोको क्रममा कांग्रेस, एमाले, नेकपाका उम्मेदवारहरूमाथि मतदाताको प्रश्न
- चुनावको बेलामात्रै भेटिने, जिताएर पठाएपछि चिन्नै गाह्रो हुने गुनासो
- पटक-पटक जिताउँदा पनि अवस्था परिवर्तन नभएको भन्दै आक्रोशमा मतदाता

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको निर्वाचन अब हप्ता दिनमात्र बाँकी छ। उम्मेदवारहरू मत आफ्नो पक्षमा पार्न घरदैलोको चटारोमा छन्। यो दौरानमा पुराना दलका उम्मेदवारहरू भने प्रश्नैप्रश्नले घेरिएका छन्।

घरदैलोकै क्रममा रूपन्देही-३ मा नेपाली कांग्रेसका उम्मेदवार चुन्न पौडेल गत मंगलबार बुटवलको वडा नम्बर ७ मा पुगेका थिए। चुन्नले लगनपथका एक मतदातालाई नमस्कार गर्दै आफूले चिनेको बताउँदै थिए। हात मिलाउन नपाउँदै ती मतदाताले जवाफ फर्काए, 'अहिलेमात्र चिनेर भएन। चुनावपछि पनि चिन्न पर्‍यो।' पौडेल सानो मुख लगाएर अर्को घरतिर लम्किए।

त्यहाँ एक वृद्धलाई नमस्कार गर्दागर्दै उनीमाथि अर्को प्रश्न तेर्सिहाल्यो। 'हाम्रो स्थिति यस्तो छ। सघाउनुपर्ने, खै त्यो छैन,' मतदाताले यति भन्न नपाउँदै घरदैलो टोलीले चुन्नलाई अघि बढाउँदै गए। चुन्न नेपाली कांग्रेसका पुराना नेता हुन्।

उद्योगीसमेत रहेको चुन्नविरुद्ध यो क्षेत्रमा एमालेले पूर्वअर्थमन्त्री विष्णु पौडेललाई उम्मेदवार बनाएको छ। यता राष्ट्रिय स्वतन्त्र पार्टीले सुलभ पोखरेललाई उम्मेदवार बनाएको छ।



**नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापाको दमकमा सोमबार आयोजित 'नेसनल युथ भोलेन्टियर्स'को कोशी प्रदेश कमिटी घोषणासभामा सहभागी हुने क्रममा।** *तस्बिर: रासस*

## प्रश्नबाट 'तर्सिए' ओली

'हामी झापाली' ट्रेण्ड बनाएर आफ्नो चुनावी क्षेत्रमा घरदैलोमा उत्रिएका एमाले अध्यक्ष केपी शर्मा ओली मतदाताको प्रश्नबाट तर्सिएको देखिएका छन्। झापा-५ मा उम्मेदवार रहेका ओली माघको अन्तिम साता गौरादाह, दमक, गौरीगञ्ज, कमल गाउँपालिकालगायत क्षेत्रमा उत्रेका थिए।

तर मतदाताले मत दिँदा पनि नम्बरी जग्गा नपाएकोजस्तो प्रश्न सोधेपछि ओलीले घरदैलो बन्द गरेको उनीनिकट नेताहरू बताउँछन्। 'चारपल्ट जिताइसक्यो तपाईंलाई। खै त सुकुम्बासीलाई नम्बरी जग्गा ?,' ओलीलाई माघ २७ गते घरदैलोमै प्रश्न तेर्सियो।

अर्को स्थानमा ओलीमाथि भ्युटावरबारे प्रश्न उठाइयो। 'भ्युटावरलेमात्र रोजगार हुन्छ ? उद्योगधन्दा सबै बेच्दिने, अनि भ्युटावर वरपरको जग्गो आफ्नो आसेपासेलाई मात्र किन्न लगाएर खै रोजगार ?,' मतदाताले प्रश्न गरे। यतिमात्र हैन ओलीलाई नेताको घरमा पैसा जलेको विषयमा पनि प्रश्न गरे मतदाताले।


क्रमशः पृष्ठ २ मा


रास्वपालाई यहाँका मतदाताले नयाँ दलका रूपमा स्वीकार गर्दा एमालेका पौडेलमाथि पनि प्रश्न वर्षाएको छ। एमालेका पौडेललाई बुटवल वडा नम्बर ११ को सुकुम्बासी बस्तीमा ठूलो चलखेल गरेको स्थानीय प्रकाश काफ्लेले आरोप लगाएका छन्। काफ्लेका अनुसार एमालेकै नेताहरूको चलखेलमा ४० वर्षदेखि यस क्षेत्रमा भूमाफिया सक्रिय रहेको र २०० बढी परिवारले लालपुर्जा नपाएको बताए।


क्रमशः पृष्ठ २ मा


# सुरक्षा चुनौती बढ्दा जगेडा फोर्स बढाउँदै सरकार

- निर्वाचन सुरक्षा चुनौती बढ्दा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अनुसन्धान विभागबाट जगेडा फोर्स बढाइँदै
- तराई-मधेसमा सुरक्षा चुनौती बढ्दो
- सुरक्षा व्यवस्थामा चुक्न नहुने भन्दै सुरक्षा निकायका अधिकारीहरूलाई गृहमन्त्रीको निर्देशन
- निर्वाचन सुरक्षा थप मजबुत बनाउने निर्णय

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले चारवटै सुरक्षा निकायबाट जगेडा फोर्स बढाउने निर्णय गरेको छ। प्रतिनिधिसभा निर्वाचन केन्द्रित सुरक्षा व्यवस्था थप मजबुत पार्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागबाट जगेडा फोर्स बढाउने मंगलबार निर्णय गरेको हो।

तराई-मधेसमा निषेधाज्ञामात्रै नभएर कफर्यु आदेश नै जारी गर्नुपर्ने गरी सुरक्षा चुनौती बढेको र निर्वाचन प्रचारको क्रममा अराजक र विद्वेष फैलिने गरिका गतिविधि भइरहेपछि केन्द्रीय सुरक्षा समितिले यस्तो निर्णय लिएको हो। समिति अध्यक्ष तथा गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा मंगलबार बसेको बैठकले चारवटै सुरक्षा निकायका प्रमुखहरूको ब्रिफिङपछि जगेडा फोर्स बढाउने निर्णय गरेको हो। निर्वाचनका लागि सुरक्षा संवेदनशीलता बढेको निष्कर्षसहित यस्तो निर्णय गरिएको बैठकमा सहभागी एक सुरक्षा अधिकारीले बताए।

सुरक्षा व्यवस्थामा चुक्न नहुने भन्दै सबै सुरक्षा निकायलाई आपसी समन्वय त्रुटिरहित बनाउन गृहमन्त्री अर्यालले निर्देशन दिएका छन्। कमजोर निर्वाचन सुरक्षाले शान्तिपूर्ण र भयरहित मतदानको सुनिश्चितता नहुने भन्दै चिन्ता प्रकट भइरहेको छ।

खासगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता कार्यकर्ताहरूदेखि समर्थकहरू अराजक ढंगले प्रस्तुत भइरहेका छन्। विपक्षी दलहरूप्रति असहिष्णु भएर प्रस्तुत हुँदा निर्वाचनमा मुठभेडको सम्भावनालाई बढाएको छ। देशको ठाउँ-ठाउँमा एमाले, नेकपादेखि कांग्रेससम्मका झण्डा जलाउने, च्यात्नेजस्ता गतिविधि गरिरहेका छन्। कतै त विपक्षी दलहरूलाई निर्वाचन प्रचारमा बाधा पुऱ्याउने र कुटपिटसमेत गरेका घटनाहरू सार्वजनिक भइरहेका छन्।

सभापति रवि लामिछाने नै विपक्षी दलहरूप्रति आक्रामक र उत्तेजक अभिव्यक्ति दिँदै जाँदा निर्वाचन सुरक्षामा चुनौती थपिँदै गएको देखिएको छ। अर्कोतिर तराई-मधेसमा धार्मिक सद्भाव भड्किने खालका गतिविधि हुँदा निषेधाज्ञाले नभएर कफर्यु आदेश नै जारी गर्नुपर्ने स्थितिले सरकारको निर्वाचनकेन्द्रित सुरक्षा व्यवस्था कमजोर भएको भन्दै एमालेले आपत्ति जनाएको छ। यस्तो स्थितिले मतदातामा डर र त्रास सिर्जना भएको एमालेको निर्वाचन प्रचार प्रमुख मीनबहादुर शाहीले मंगलबार बताए।


क्रमशः पृष्ठ २ मा






**कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको अध्यक्षतामा मंगलबार निर्वाचन आयोगमा बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठक (दायाँ) र आसन्न निर्वाचनका लागि सुरक्षा दिन उपल्लो डोल्पाको डोल्पोबुद्ध गाउँपालिका-१ धोमा जाँदै गरेको नेपाली सेनाको टोली।** *तस्बिर: रासस*

## प्रधानमन्त्रीले लिइन् निर्वाचन सुरक्षाबारे 'ब्रिफिङ'

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन तयारी र सुरक्षा अवस्थाका विषयमा सबै सुरक्षा निकायका प्रमुखहरूसँग 'ब्रिफिङ' लिएकी छन्। उनले मंगलबार साँझ सबै सुरक्षा प्रमुखहरूलाई बालुवाटार बोलाएर जानकारी लिएकी हुन्।

सो अवसरमा गृहमन्त्री ओमप्रकाश अर्याल, मुख्य सचिव सुमनराज अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, गृहसचिव राजकुमार श्रेष्ठ, गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखा प्रमुख आनन्द काफ्ले, नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीलगायतको उपस्थिति रहेको थियो।

हालको सुरक्षा व्यवस्थापन, सम्भावित चुनौती र तिनको सम्बोधनका लागि अपनाइएको रणनीतिका विषयमा समीक्षा पनि गरिएको छ। त्यस अवसरमा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षाको हालसम्मको अवस्था सन्तोषजनक रहेको र सम्भावित चुनौतीका विषयमा सजग रहन निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

**सन्दर्भः वैदेशिक रोजगार**

# इपिएस समस्याबारे छलफल गर्न सरकारी टोली कोरिया प्रस्थान

- सचिव डा. दीपक काफ्ले नेतृत्वको टोली मंगलबार कोरिया गएको मन्त्रालयद्वारा जानकारी
- इपिएस प्रणालीको सुदृढीकरण र रोजगारीका अरू सम्भावनाबारे छलफल हुने
- श्रम सम्झौता नवीकरणका विषयमा पनि छलफल गर्ने मन्त्रालयको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपिएस) समस्या समाधानका लागि सरकारी टोली कोरिया प्रस्थान गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले नेतृत्वको टोली मंगलबार कोरिया गएको मन्त्रालयले जानकारी दिएको छ।

इपिएस प्रणालीमा देखिएका समस्याका विषयमा नेपाली टोलीले कोरियाका उपमन्त्रीसँग यही फागुन १४ र १५ (फेब्रुअरी २६ र २७) मा छलफल गर्ने मन्त्रालयको भनाइ छ। कोरियालाई समस्या राख्नुअघि सियोलस्थित नेपाली दूतावाससँग छलफल गर्ने छ।

'कोरियाली पक्षसँग छलफलमा राख्ने विषय लगभग तय भइसकेको छ। त्यसअघि कोरियास्थित नेपाली दूतावासमा गएर छलफल भएपछि अझ फाइनल हुन्छ,' मन्त्रालयका एक उच्च अधिकारीले भने, 'हामीले हाम्रा समस्याहरू राख्ने हो। इपिएसलाई कसरी सुदृढीकरण गर्न सकिन्छ, रोजगारीका अरु सम्भावना के-के छन् भन्ने विषय नै हो।'

भ्रमणका क्रममा श्रम सम्झौता नवीकरणका विषयमा पनि छलफल गर्ने मन्त्रालयको तयारी छ।




कोरियासँग सन् २०१८ मा भएको श्रम सम्झौता नवीकरणको अवधि सन् २०२० मा सकिएको थियो। सम्झौता नवीकरण गर्दा त्यहाँ कार्यरत श्रमिकका समस्याहरू कसरी सम्बोधन गर्न सकिन्छ भनेर राख्ने तयारी रहेको छ।

'श्रम सम्झौता नवीकरण गर्दा के-के विषय थप्न आवश्यक छ भनेर हाम्रा कुराहरू राख्छौं। कुनै श्रमिकको मृत्यु भएको खण्डमा नेपालसम्म ल्याउने खर्च, सामाजिक सुरक्षा कोषबाट पाउने पेन्सन आदिबाट युवाहरू वञ्चित छन्। यी लगायतका विषयमा छलफल हुन्छ,' स्रोतले भन्यो।

उक्त भ्रमणमा श्रमसचिव काफ्लेसहित मन्त्रालयका सहसचिव गुरुदत्त सुवेदी र इपिएस शाखाका निर्देशक टीकाराम ढकाल गएका छन्। कोरिया जान नपाएका युवाहरू निरन्तर आन्दोलित भएपछि इपिएस प्रणालीमा देखिएका विभिन्न समस्याका विषयमा कोरिया गएरै छलफल गर्नेमा आन्दोलनरत पक्ष र मन्त्रालयबीच सहमति भएको थियो। सोहीअनुसार मन्त्रालयले कोरियालाई पटक-पटक पत्राचार गरेपछि भ्रमणको निम्तो पाएको हो।

सन् २०२४ मा जान भनेर आवेदन दिएका एक लाख ८१ हजार २९९ जना युवामध्ये १८ हजार २८२ जना परीक्षामा उत्तीर्ण भएको श्रम मन्त्रालयको तथ्यांक छ। जसमध्ये आठ हजार ९१२ जनाको रोस्टर अवधि यही २०२६ भित्र सकिँदै छ। कम्पनीमा एक पटक पनि फाइल नपुगी रोस्टर अवधि सकिएको भन्दै युवाहरू आक्रोशित छन्। कम्पनीमा पारदर्शी रूपमा फाइल पठाउनुपर्ने, रोस्टरको मान्य अवधि थप गर्नुपर्ने, कोरिया लग्ने कोटामा नेपालीहरूको संख्या वृद्धि गर्नुपर्नेजस्ता विषय सम्बोधन हुनुपर्ने पीडित युवाहरूको माग छ।

जापान-नेपाल रोजगार सम्मेलन

# संघले राख्यो 'रिक्रुटमेन्ट कोओर्डिनेसन डेस्क'को प्रस्ताव



■ प्रभाव संवाददाता

**काठमाडौं–** जापानको राजधानी टोकियोमा सम्पन्न दोस्रो जापान-नेपाल रोजगार सम्मेलनमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले 'नेपाल-जापान रिक्रुटमेन्ट कोओर्डिनेसन डेस्क' स्थापनाको प्रस्ताव राखेको छ। मंगलबार आयोजित उक्त सम्मेलनमा संघको तर्फबाट महासचिव महेशकुमार बस्नेतले कार्यपत्र प्रस्तुत गर्दै उक्त प्रस्ताव राखेको जानकारी दिइएको छ।

श्रमिक भर्ती प्रक्रियामा दुई मुलुकबीच समस्या आए सहजीकरण गर्नेजस्ता विषयमा उक्त डेस्कले सहयोग गर्ने बस्नेतले बताएका थिए। साथै, व्यक्तिगत श्रम स्वीकृति लिएर जापान जाने प्रवृत्ति नरोकिएको अवस्थामा संस्थागत सहकार्यलाई बलियो बनाउने उनको भनाइ छ। 'कोअर्डिनेसन डेस्क भएको खण्डमा दुवै देशका नीतिगत सुधारलगायतका संवादमा सहज हुन्छ,' बस्नेतले भने, 'डेस्कले श्रमिक भर्ना गर्दा देखिने समस्या र सम्भावनामा जिम्मेवार भूमिका निभाउने छ। यसले जापानसँग हुनुपर्ने सहकार्यलाई संस्थागत रूप पनि दिने छ।'

रोजगार सम्मेलन त्यहाँको महानगरीय औद्योगिक व्यापार केन्द्रले हामामात्सुचो-कानमा आयोजना गरेको थियो। कार्यक्रममा नेपालबाट म्यानपावर व्यवसायी, तालिम केन्द्र, रोजगारदातालगायतले सहभागिता जनाएका थिए। कार्यक्रममा संघबाट प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, महासचिव बस्नेत, कोषाध्यक्ष धनु सिञ्जाली, सदस्य रेखा शर्मा र भरत सापकोटा सहभागी भएका थिए।

जापानले १९ वटा क्षेत्रमा दक्ष विदेशी कामदार लग्दै आएको छ। नेपालबाट सीपयुक्त, प्राविधिक तथा व्यावसायिक कामदारहरू जाने गरेका छन्। जसअन्तर्गत नर्सिङ, व्यवस्थापन, मेसिन पार्ट्स, औद्योगिक मेसिनरी, निर्माण, अटोमोबाइल्स मर्मतसम्भार, कृषिलगायतका क्षेत्र छन्। उनीहरू स्पेसिफाइड स्किल्ड वर्कर्स (एसएसडब्ल्यू) प्रक्रियाअन्तर्गत गइरहेका छन्।

पृष्ठ १ बाट क्रमशः

## सुरक्षा...

पत्रकार सम्मेलन आयोजना गर्दै उनले मतदाताको मनमा भय सिर्जना गरी स्वतन्त्र मतदानको अधिकार कुण्ठित हुने भन्दै चिन्ता प्रकट गरे । 'जसरी तराई-मधेसमा निर्वाचनको पूर्वसन्ध्यामा कफर्यु आदेश जारी गर्नुपर्ने स्थिति आयो, यो डरलाग्दो स्थिति हो,' उनले भने, 'यस्तो स्थिति कायम रहँदा स्वतन्त्र मतदान हुने सम्भावना कम हुन्छ ।'

निर्वाचन सुरक्षाका लागि सबै सुरक्षा निकायहरू फिल्डमा छन् । नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)हरूले सातै प्रदेशको सुरक्षा स्थितिबारेको प्रतिवेदन आइतबार प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई बुझाए । सातै प्रदेशमा पुगेर फर्किएका एआइजीहरूले उक्त प्रतिवेदन बुझाएका हुन् ।

एआइजीहरू राजन अधिकारी कोशीमा, डम्बर विक मधेसमा, सिद्धिविक्रम शाह बागमतीमा, डा. मनोजकुमार केसी गण्डकीमा, उमाप्रसाद चतुर्वेदी लुम्बिनीमा, सुशीलसिंह राठौर कर्णालीमा र हिमालयकुमार श्रेष्ठ सुदूरपश्चिममा खटिएका थिए । काठमाडौं उपत्यकामा एआइजी ईश्वर कार्की कार्यरत छन् । यहाँको सुरक्षा व्यवस्था उनकै कमाण्डमा हुने छ । प्रदेशगत खटिएका एआइजीहरूले बुझाएको प्रतिवेदनमा कतै जनशक्ति थप्न सुझाइएको छ । कहीँ हेडक्वार्टरले गर्नुपर्ने निर्देशन र थपिदिनुपर्ने स्रोत साधनको विषय प्रतिवेदनमा समेटिएको एक एआइजीले बताए ।

ती एआइजीका अनुसार एआइजी डम्बर विकले पछिल्ला एक साता यता मधेसका जिल्लामा सुरक्षा चुनौती बढेको रिपोर्ट बुझाएका छन् र त्यहाँको सुरक्षाका लागि गर्नुपर्ने योजना प्रतिवेदनमा उल्लेख गरेका छन् । अहिले पनि केन्द्रीय सुरक्षा समितिको निर्णयपछि एआइजी उमाप्रसाद चतुर्वेदी मधेसका जिल्लामा त्यहाँको सुरक्षा अवस्थाबारे बुझ्न त्यहीँ रहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले बताए ।

उनका अनुसार सुरक्षा चुनौती भएका जिल्लामा प्रहरी प्रधान कार्यालयले जनशक्ति थप गर्ने भएको छ । निर्वाचनमा सुरक्षा समन्वयका लागि थप प्रहरी उपरीक्षक पनि फिल्डमा खटाइने भएको छ । झापा र सर्लाहीमा एक-एक जना एसपी थप गर्ने तयारी भएको छ ।

झापामा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र रास्वपाबाट वरिष्ठ नेता बालेन्द्र शाह प्रतिस्पर्धामा उत्रिँदा त्यहाँको सुरक्षा चुनौती बढेको सुरक्षा निकायको विश्लेषण छ । सर्लाहीको चार नम्बर क्षेत्रमा कांग्रेस सभापति गगन थापा र रास्वपा नेता अमरेश सिंह चुनावी मैदानमा उत्रिँदा त्यहाँ पनि सुरक्षा चुनौती निम्तिन सक्ने जोखिम आकलन गरिएको छ । त्यही भएर ती दुई जिल्लामा थप प्रहरी उपरीक्षक निर्वाचन सुरक्षाको समन्वयका लागि खटाइने भएको प्रहरी केन्द्रीय कार्यालयले जनाएको छ ।

यस्तै, प्रहरी प्रधान कार्यालयले एसएसपी भने प्रदेशबाटै पठाउने तयारी गरेको छ । उनीहरूको मुख्य ध्यान भने सुरक्षा संवेदनशील क्षेत्रमा हुने छ । यसैबीच कर्णाली प्रदेश प्रहरी कार्यालयले डिएसपी र इन्सपेक्टर थप माग गरेको छ । प्रदेशमा निर्वाचन सुरक्षाका लागि माग भएपछि प्रहरी प्रधान कार्यालयले डिएसपी र इन्सपेक्टर पठाइसकिएको छ ।

पूर्वराजा ज्ञानेन्द्र शाहले निर्वाचनअघि राजतन्त्र र हिन्दूराष्ट्रको मुद्दालाई टुंगो लगाउन घुमाउरो ढंगले यही ७ फागुनमा दबाब दिनु र अर्कातिर राप्रपाले निर्वाचन स्थगनको माग गर्नुले पनि निर्वाचन सुरक्षामा चुनौती बढाएको टिप्पणी भइरहेको छ । यसबाहेक दुर्गा प्रसाईं समूह दिनहुँ आन्दोलनमा छ । नेकपा बहुमतजस्ता केही साना वाम घटकहरू निर्वाचन बहिष्कारमा छन् । यसले पनि निर्वाचन सुरक्षामा चुनौती बढाउँदा मंगलबार बसेको केन्द्रीय सुरक्षा समिति बैठकले चारवटै सुरक्षा निकायमा जगेडा फोर्स थप गर्ने निर्णय गरेको हो ।

निर्वाचनमा ७२ हजार प्रहरी र एक लाख ३२ हजार ९८० जना निर्वाचन प्रहरी परिचालन हुँदै छन् । ३२ हजार सशस्त्र प्रहरी, सशस्त्र प्रहरीले भर्ना गरेका १५ हजार निर्वाचन प्रहरी र ८० हजार नेपाली सेना पनि परिचालन हुने छन् ।

■■■

## पुराना दलका...

चुनावी घरदैलोको क्रममा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का उम्मेदवारहरूले मुखमुखैको शैलीमा प्रश्न खेपिरहेका छन् ।

बुधबार भरतपुर महानगरपालिका वडा नम्बर २० स्थित चन्द्रनगर पुगेकी नेकपाकी उम्मेदवार रेनु दाहालमाथि पनि मतदाताले दर्जनौं प्रश्न उठाए । यो क्षेत्रमा बनेको मन्दिर उद्घाटनमा नआएको भन्दै बगैंचा टोल विकास विकास संस्थाका अध्यक्ष मधुविलास घिमिरेले लामो ज्ञापनपत्र नै बुझाएका थिए । 'व्यवस्थापनमा बजेट कम भयो । अरु वडामा विकास भयो भनेको सुनियो । यो वडामा छैन,' घिमिरेले ज्ञापनपत्र नै पढेर सुनाए, 'सानो सडकमा ट्रिपर आउँदा घरभित्रै भाग्नुपर्छ ।' भरतपुर महानगरमा विकासको मोडल भित्र्याएकी भन्दै चर्चामा छिन्, रेनु । यहाँ विकास नभएको भन्दै मतदाताले प्रश्न गरेपछि उनले आफूले सक्दो विकास गरेको बताउँदै मतदाता फकाउने कोसिस गरिन् । तर उनको जवाफमा मतदाता पटक्कै खुसी सुनिएनन् ।

■■■

## प्रश्नबाट...

कांग्रेस सभापति शेरबहादुर देउवाको घरमा पैसा जलेको विषयमा प्रश्न उठेपछि ओली मतदातासँग आक्रोशित भएको थिए । 'पैसा कहाँ डढ्यो, मेरो घर जलाएको छ । तपाईंहरू मजाक गर्नुहुन्छ । मेरो घरमा पैसा जलेको छ ?,' ओलीले उल्टै प्रश्न गरेका थिए । मतदाताले देउवाको घरमा जलेको पैसाबारे केही धारणा नआएको बताएपछि ओलीले यसलाई एआईबाट तयार पारेको बताएका थिए ।

प्रश्नले घेरिएपछि ओलीले अहिले घरदैलो ठप्प पारेका छन् । ओलीले अहिले विश्वासिला नेताहरू राखेरमात्र समूहगत रूपमा मतदातासँग भेटिरहेका छन् । घरदैलोमा प्रश्नले लखेटिएका ओलीले माघ २८ यता आफ्नो सामाजिक सञ्जालमा भिडियो प्रचार सामग्रीमात्र राख्न थालेका छन् । झापा-५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट बालेन्द्र शाह उम्मेदवार छन् । शाह यो क्षेत्रमा उत्रिएसँगै ओली रक्षात्मकरूपमा विभिन्न रणनीति बनाएर मतदाता रिझाउन लागिपरेका छन् ।

मतदाताले नयाँ दलका रूपमा उदाएको रास्वपालाई खासै प्रश्न नगरे पनि कांग्रेस, एमाले र नेकपालाई विगत ३५ वर्षदेखि राज्य संयन्त्रमा बसेर देशलाई भ्रष्टाचारको चंगुलमा फसाएको आरोप लगाइरहेका छन् । पुराना दलका नेताहरू भने यी प्रश्नबाट त्रसित सुनिन्छन् । उनीहरूसँग मतदातालाई चित्त बुझाउने खालको जवाफ भेटिँदैन ।


## साउदीमा रोजगार

कम्पनी : HAMDAN NASSER SALEH AL NAJRANI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१२ LT. No. 339476 चलानी नं. ६०२५२९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1200 | ४६,४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | COOK | 2 | 0 | 1600 | ६१,९७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75

NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com


# निर्वाचनका लागि चीनले दिने ४० लाख डलर अनुदान स्वीकृत

**काठमाडौं (प्रस)–** सरकारले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चीन सरकारले दिने ४० लाख अमेरिकी डलरबराबरको अनुदान स्वीकार गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त सहयोग स्वीकार गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार बैठकले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम बूढीगण्डकी जलाशययुक्त आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने निर्यण गरेको छ ।

साथै, बैठकले काठमाडौं जिल्ला अदालतका मुख्य न्यायाधीश दीवाकर भट्टलाई काठमाडौं जिल्ला अदालतको कामसमेत हेर्नेगरी उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष तोक्ने निर्णय गरेको उनले बताए । मन्त्रिपरिषद्ले बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने र विक्रम संवत् २०८३ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्मका सार्वजनिक बिदा पनि निर्धारण गरेको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१३ गते**

यस कम्पनीको मिति २०८२/१०/१४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिथ क्याफे प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जम्बला रेष्टुरेण्ट क्याफे (प्रा.लि.नं. ३२४४६४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/१३**

**इन्साईन कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि.** को मिति २०८२/०९/२३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तिनजुरे कन्ट्याक्ट कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं. ३३६८३२)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/१३**

**जम्पा हेल्दी फुड्स प्रा. लि.** को मिति २०८२/११/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जम्पा मल्टिपर्पोज प्रा. लि. (दर्ता नं. २४८६६८)** कायम गर्ने गरी मिति २०८२/१०/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक प्रकाशन मिति २०८२/११/१३ गते**

श्री देविडाँडा सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. ५, दाङको वनबाट उत्पादन भई सामुदायिक वनको प्राङ्गण बबई गाउँपालिका वडा नं. ५, दाङमा घाटगद्दी गरी लट बनाई राखिएको साल, असना, जामुन, बरो र धौठी जातको गोलिया काठ थान ८५९ को ६१०२.४३ घ. फि. काठ साल दाउरा ३७.०० र अन्य दाउरा १०.५० गरी जम्मा ४७.५० चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१औं दिनभित्र खरिद गरी २२औं दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री देविडाँडा सामुदायिक वन उपभोक्ता समूह**
बबई गाउँपालिका वडा नं. ५ तल्लो बबरपुर, दाङ

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१३***

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृती प्राप्त भई साविक कम्पनी **मन्त्र एड मिडिया प्रा.लि. (प्रा.लि.नं. २८५७४०)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **फास्ट ट्र्याक ट्रेडिङ प्रा.लि.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/११/१३ गते**

यस कम्पनीको मिति २०८२/१०/१२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **वेवील्याण्ड अंग्रेजी स्कुल काठमाडौं प्रा.लि.(दर्ता.नं. १९९६९-०५९-६०)** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१०/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वेवील्याण्ड ईङ्गलिस सकेण्डरी स्कुल काठमाडौं प्रा.लि.**कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१३ गते**

यस कम्पनीको मिति २०८२/१०/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ए.वि.सि. युनिक ट्राभल्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अन्नपुर्ण ट्राभल लिङ्कस (प्रा.लि.नं. १५२८६०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१३ गते**

**गोदावरी आइरन स्टोर्स प्रा.लि.** को २०८२/११/०५ मा सम्पन्न वार्षिक साधारण सभाको विशेष निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./७९२७२, मिति २०८२/११/११ को निर्णयानुसार साविकको गोदावरी आइरन स्टोर्स प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **कसमस हस्पिटालिटी एण्ड टेडिङ्ग प्रा.लि.** कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **कसमस हस्पिटालिटी एण्ड टेडिङ्ग प्रा.लि.** (**Cosmos Hospitality And Trading Pvt Ltd**) कायम गरिने व्योहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ह्वाइटगोल्ड मल्टी इनर्जी लिमिटेड

ललितपुर महानगरपालिका– १०, ललितपुर

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।११।१२)

यस कम्पनीको मिति २०८२ फाल्गुण १० गते आइतबार दिनको २:०० बजे बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**प्रथम वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** :- २०८२ चैत ३ गते मंगलवार (तदनुसार १७ मार्च, २०२६)

**समय** :- बिहान ९ बजे

**स्थान** :- होटल हार्दिक, वागवजार, काठमाडौं ।

**प्रथम वार्षिक साधारणका छलफलका प्रस्तावहरू :**

(१) **सामान्य प्रस्तावहरू :-**

क) कम्पनीको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(२) **विशेष प्रस्तावहरू**

क) कम्पनीको सेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा ।

(२) **विविध**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १३ फागुन, २०८२

**मेष** – नयाँ नयाँ योजना बन्ने योग परेको छ । भोकालाई भोजन गराएमा पुण्यमा वृद्धि हुनेछ ।

**वृष** – आर्थिक गतिविधिमा ध्यान दिनुहोला। महालक्ष्मीको स्मरण गर्दै गरिब कन्यालाई वस्त्र दान गरेमा लाभ मिल्नेछ ।

**मिथुन** – पारिवारिक सुख मिल्नेछ । वृद्ध वृद्धालाई भोजन गराएमा दुष्कर्म नाश भएर जानेछन् ।

**कर्कट** – बोलिको प्रभाव बढ्नेछ । दुखी गरिबलाई कापीकलम दिएमा सरस्वती प्रशन्न हुनेछिन ।

**सिंह** – आत्मविश्वास बढ्नेछ । आफूभन्दा तलका कर्मचारीलाई सौम्य व्यवहार गरेमा कष्ट दूर हुनेछन् ।

**कन्या** – कार्यमा केही वाधा आउन सक्छ । गुरुजनको आशिर्वाद लिएर अघि बढेमा व्यवधान हटेर जानेछन् ।

**तुला** – मन प्रशन्न रहनेछ । निश्काम कर्मभावमा रहि अनवरत ईश्वरको स्मरण गरेमा क्लेशहरू हटेर जानेछन् ।

**वृश्चिक** – कार्यक्षेत्रमा यहाँको सम्मान हुनेछ । बाटोमा बसेका आर्तहरूलाई मीठाइ खुवाउन नभुल्नुहोला ।

**धनु** – धर्मकर्ममा रुचि बढ्नेछ । साधु सन्तको सेवा गरेमा पुण्यमा वृद्धि हुनेछ ।

**मकर** – अनावश्यक विवादबाट बच्नुहोला । दिनभरी सिताराम मन्त्रको मानसिक जप जारी राख्नुहोला ।

**कुम्भ** – प्रेम र मित्रताको बन्धन मजबुत हुनेछ । सडकमा भेटिने भोका जनावरलाई केही खुवाउनुहोला ।

**मीन** – फसेको धन फर्कन सक्छ । चराचुरुङ्गीलाई चारो दिन नभुल्नुहोला ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ फागुन, २०८२ (२५ फेब्रुवरी, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.१२ | १४५.७२ |
| युरो | १ को | १७१.०४ | १७१.७५ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.७९ | १९६.६० |
| स्विस फ्रैन्क | १ को | १८७.०२ | १८७.८० |
| अस्ट्रेलियन डलर | १ को | १०२.६१ | १०३.०४ |
| क्यानाडियन डलर | १ को | १०६.०४ | १०६.४८ |
| सिङगापुर डलर | १ को | ११४.६१ | ११५.०८ |
| जापानी येन | १० को | ९.३७ | ९.४१ |
| चिनियाँ युआन | १ को | २१.०१ | २१.०९ |
| साउदी अरब रियाल | १ को | ३८.६८ | ३८.८४ |
| कतारी रियाल | १ को | ३९.७० | ३९.८७ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५१ | ३९.६७ |
| मलेसियन रिङेट | १ को | ३७.३० | ३७.४५ |
| दक्षिण कोरियन वन | १०० को | १०.०६ | १०.१० |
| स्विडिस क्रोनर | १ को | १६.०० | १६.०७ |
| डेनिस क्रोनर | १ को | २२.८९ | २२.९९ |
| हङकङ डलर | १ को | १८.५६ | १८.६४ |
| कुवेती दिनार | १ को | ४७५.३४ | ४७७.३० |
| बहराइन दिनार | १ को | ३८४.८८ | ३८६.४७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**हिउँ पन्छाउँदै** | आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मुस्ताङ र डोल्पाको सिमावर्ती गाउँ साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्र जोड्ने सडकको हिउँ डोजरले पन्छाउँदै वारागुङ मुक्तिक्षेत्र गाउँपालिका । कात्तिक १० गतेदेखि हिमपातले अवरुद्ध रहेको सडकको हिउँ मंगलबारदेखि पन्छाउन सुरु गरिएको हो । साङ्ता गाउँ जाने करिब १० किलोमिटर सडकमा बाक्लो हिउँ जमेको छ । *तस्बिरः रासस*

# वसन्तपुरमा चीर ठड्याएसँगै सुरू भयो फागूको रौनक



**काठमाडौं (प्रस)–** काठमाडौंको वसन्तपुरमा रहेको कुमारी घर र गद्दी बैठक छेउमा कपडाको रंगीचंगी ध्वजायुक्त चीर ठड्याइएसँगै यस वर्षको फागूको रौनक सुरु भएको छ ।

फागुन शुक्ल अष्टमीका दिन काठमाडौंकै तँलाछीका धालासिक्व मानन्धर सनाःगू खलका सदस्यहरूले चीर ठड्याउने चलन छ । यो वसन्त ऋतुको आगमन भएको संकेत पनि हो । नेपाल पञ्चांग निर्णायक विकास समितिले जुराएको साइतअनुसार बिहान ७ बजेर १३ बजे पूर्व फर्काएर चिरोत्थान गरिएको हो ।

यसपछि उपत्यकावासीमा रङ र खुसीको पर्व फागू (होली) सुरु पर्व भएको छ । यस वर्ष फागूको उल्लास आगामी आठ दिनसम्म रहने छ । अष्टमीदेखि पूर्णिमासम्म मनाइने यो पर्वले मानिसहरूलाई जातीय र सामाजिक विभेद बिर्सेर एउटै रङमा समाहित गराउने विश्वास गरिन्छ ।

धार्मिक र ज्योतिषीय गणनाअनुसार यस वर्ष फागूको मुख्य दिन अर्थात् पूर्णिमा फागुन १८ गते सोमबार परेको छ । सोही दिन पहाडी जिल्लाहरूमा रङ खेलेर हर्षोल्लासका साथ फागु मनाइने छ । तराईका जिल्लाहरूमा भने त्यसको भोलिपल्ट अर्थात् फागुन १९ गते मंगलबार यो पर्व मनाइने तयारी छ ।

समितिले दिएको साइतअनुसार फागुन १८ गते सोमबार साँझ ५ बजेर ३१ बजे मिनेटको साइतमा चीर ढालेपछि पर्व समापन हुने छ । ढालिएको चीर घिसार्दै टुँडिखेल पुऱ्याइने छ । त्यही साँझ ५ बजेर ५१ मिनेटमा चीर दाह (जलाउने) गरिने छ । चीर जलेसँगै यस वर्षको फागू पर्वको औपचारिकरूपमा समापन हुने छ ।

# ‘युपिआर’मा प्राप्त सुझाव कार्यान्वयनको माग

**काठमाडौं–** संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चौथो चक्रमा नेपालले बुझाएको प्रतिवेदनमाथि विभिन्न देशले दिएका सुझाव कार्यान्वयन गर्न सरोकारवालाले सरकारसँग माग गरेका छन् ।

मंगलबार महिला कानुन र विकास मञ्च (एफडब्ल्युएलडी) र ‘सेन्टर फर रिप्रोडक्टिभ राइट्स’ले संयुक्तरूपमा आयोजना गरेको कार्यक्रममा युपिआरको आवधिक समीक्षामा नेपाललाई गर्भपतनमा निरपराधीकरण, प्रजनन स्वास्थ्य अधिकार, सम्मानजनक प्रसूति सेवा, बृहत् यौनिक शिक्षा र समग्र यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सेवामा रहेर महत्त्वपूर्ण सुझाव प्राप्त भएको एफडब्ल्युएलडीकी अधिवक्ता रोशना प्रधानले जानकारी दिइन् ।

‘संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गतको नेपालको विश्वव्यापी आवधिक समीक्षा (युपिआर)मा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तुमा दिएको सुझावबारे सञ्चारकर्मीसँग छलफल कार्यक्रम’मा उनले यी महत्त्वपूर्ण सुझाव प्राप्त भएको र सरकारले कार्यान्वयनको पाटोमा जोड दिनुपर्ने बताइन् ।

कार्यक्रममा युपिआरमा नेपाललाई प्राप्त सुझाववारे एफडब्ल्युएलडीका अधिवक्ता दीपेश श्रेष्ठले सबै परिस्थितिमा गर्भपतनलाई अपराधमुक्त र वैधानिक बनाउन आइसल्याण्ड र फ्रान्सले सुझाव दिएको, सुरक्षित गर्भपतनको सेवामा पहुँच सुनिश्चित गर्ने आइसल्याण्डले सुझाव दिएको र महिला, किशोरकिशोरीहरूसहित लैंगिक अल्पसंख्यक तथा सुरक्षित गर्भपतनमा पहुँचमा सुनिश्चित गर्न नर्वेले सुझाव दिएको जानकारी दिए ।

यसैगरी, स्कुल हाताभित्र र बाहिर बृहत् यौनिकता शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न, किशोरावस्थामा हुने गर्भावस्था र बालविवाह रोक्न बहुक्षेत्रीय समन्वयलाई बलियो बनाउन, भेदभावपूर्ण लिंग पहिचान र लिंगका आधारमा हुने गर्भपतनविरुद्धको राष्ट्रिय रणनीति २०२१ प्रभावकारी कार्यान्वयन गर्न विभिन्न देशले आफ्नो सुझाव पेस गरेको उनले बताए ।

छाउपडी प्रथा र विवाहमा हुने दाइजो प्रथालाई निषेध गर्न, कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न जागरूकता बढाउन, दण्डित गर्न र अपराधीहरूलाई अभियोजन गर्न विभिन्न देशले सिफारिस गरेका छन् । यसैगरी, १८ वर्षमुनिका किशोरकिशोरीहरूबीचको सहमतिमा भएको यौन सम्बन्धलाई अपराधमुक्त गर्ने र किशोरावस्थाको गर्भावस्था र बालविवाह रोक्न मेक्सिकोले सुझाव दिएको छ । सन् २०२५ मा नेपाल सरकारले संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गत रहेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा रहेर विभिन्न देशले सुझाव दिएका हुन् ।

एफडब्ल्युएलडीका अधिवक्ता नवीनकुमार श्रेष्ठले परिषद्को विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्रअन्तर्गत नेपालको प्रतिवेदनमाथि दिएका यी सुझाव स्वीकार गर्नु र प्रभावकारीरूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्व भएको बताए । *रासस*

# निर्वाचन प्रचारप्रसारमा अवरोध नगर्न आयोगको निर्देशन



**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आमनागरिकले अवरोध सिर्जना गर्न नहुने प्रस्ट पारेको छ ।

यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारबाट अर्को दल वा उम्मेदवारले अवरोध गरेका गुनासो र उजुरी प्राप्त भएकाले त्यसो नगर्न आयोगले आह्वान गरेको हो । चुनावी प्रचारप्रसारलाई निर्वाचन आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको आयोगले मंगलबार प्रकाशित गरेका विज्ञप्तिमा उल्लेख छ ।

विभिन्न सञ्चारमाध्यमबाट समेत यस्ता विषयमा जानकारी प्राप्त भएकोमा आयोगको गम्भीर ध्यानाकर्षण भएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ङ) मा पनि यस विषयमा उल्लेख गरिएको उनले बताए ।

सो दफामा ‘कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ संगठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने’ व्यवस्था छ । त्यसैगरी निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा २० को उपदफा (१) को खण्ड (क) मा ‘निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने’ कार्य गरेमा सोही ऐनको सोही दफाको खण्ड (ख) मा ‘दुई लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय’ हुने व्यवस्था रहेकोतर्फ आयोगले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ ।

आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार, आमनागरिक तथा सरोकारवाला सबैको भएको उनले बताए । निर्वाचनसम्बन्धी प्रचलित संघीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट वञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउनेजस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ । सोविपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने सरोकारवाला सबैमा आयोगले जानकारी गराएको छ ।

## महाकाली सिंचाइ आयोजना (तेस्रो चरण)

**कन्चनपुर**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०८२/११/१३)**

ठेक्का नं. MIP/CAP-1/082-83 सँग सम्बन्धित निर्माण कार्य खरिदको लागि मिति २०८२/०९/३० मा प्रकाशित सूचना अनुसार पेश भएका वोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकनमा तपसिलमा उल्लिखित बोलपत्रदाताहरु सफल भई सारभूतरूपमा प्रभावग्राही रहेको देखिएकोले उल्लिखित वोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम मिति २०८२/११/२५ गते दिउँसो १:०० बजे आयोजना कार्यालयमा खोलिने व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरूको नाम र ठेगाना |
|---|
| Dynamic Construction Pvt. Ltd., Chitwan |
| Amrit Construction, Kanchanpur |
| MALLA-SUNRISE J/V, Kailali |
| KBC-Kanchan J/V, Chitwan |
| Joshi Builders & Company Pvt. Ltd., Kanchanpur |
| S.C/S.S/Construct J/V, Chitwan |

**आयोजना निर्देशक**

## जानकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**दुर्गौली, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको लागि आशयको सूचना**

**(प्रकाशित मिति :- २०८२।११।१३)**

यस कार्यालयको मिति २०८२/०९/१८ मा हिमालयन टाईम्स दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्र मुल्याङ्कन समितिको मिति २०८२/११/१२ को निर्णय तथा सिफारिस अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भै स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| क्र. सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | न्यूनतम मूल्यांकित कबोल अंक मू.अ.कर.सहित रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | NCB/JRM/GOODS/02/2082/083 | Procurement of Sanitary Pad | Angle Touch Hygiene Manufacturing Pvt. Ltd., Lalitpur | ६,२२,५३८।७५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

**माइग्रेसन हराएको सूचना**

मिति २०८२/०९/०१ गते काठमाडौं जिल्ला, धोबिघाटदेखि लगनखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : उषा घलान
रजिस्ट्रेसन.नं.: ७६२५६२३००
सिम्बोल नं.: २२५०९५३९
ठेगाना : काठमाडौं
सम्पर्कः : ९८६०९२२४६६


**युएइमा रोजगार**

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPIERTORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339443 | चलानी नं. ६०२५२९१६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 1000 | ३९,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।
साथै यस मेनपावरको लागि PRO - (2 Packs) आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला । सम्पर्क : ९८५१000५२१ (राज सर), ९८१८५७८७३४ (सुनिता)

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 847/066/067

TIRUPATI INTERNATIONAL MANPOWER PVT. LTD.
Battisputali, Gaushala- 9, Kathmandu, Nepal, Mob : 9818578734/ 9851000521
Email: tirupatimanpower@gmail.com, Web: www.tirupatiintcom.np



**युएइमा रोजगार**

कम्पनी : EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 334492 | चलानी नं. ६०२४७९५८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 50 | 0 | 1500 | ५८,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Masons | 29 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 3. | Plumber | 50 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | 1500 | ५८,२८४ | | | | | | | |

कम्पनी : SOLUTIONS INVESTMENTS SERVICES - L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 334543 | चलानी नं. ६०२४७९६१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 50 | 0 | 1200 | ४६,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 40 | 0 | 1000 | ३८,८५५ | | | | | | | |
| 3. | Carpenter | 25 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 4. | CARPENTER ASSISTANT | 5 | 0 | 1200 | ४६,६२७ | | | | | | | |
| 5. | Mason. | 10 | 0 | 1500 | ५८,२८४ | | | | | | | |
| 6. | Steal Fixer | 25 | 0 | 1500 | ५८,२८४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सडक कि मृत्युमार्ग: कहिलेसम्म दराजमा थन्किने प्रतिवेदन ?

सोमबार त्रिशूलीमा भएको बस दुर्घटनामा १९ जनाले ज्यान गुमाएको घटनाले मुलुकलाई स्तब्ध बनाएको छ। पछिल्लो १८ दिनमामात्रै तीनवटा ठूला दुर्घटनामा ४४ जनाको मृत्यु हुनुले हाम्रो यातायात प्रणाली कति असुरक्षित छ भन्ने डरलाग्दो चित्र प्रस्तुत गर्दछ। हरेक ठूला दुर्घटनापछि सरकारले 'छानबिन समिति' गठन गर्ने र 'सत्यतथ्य पत्ता लगाउने' पुरानै शैली दोहोऱ्याएको छ। तर, बितेका घटनाहरूको अनुभवले भन्छ– यी समितिहरू दुर्घटनाको कारण खोज्नभन्दा पनि तत्कालको जनआक्रोश साम्य पार्ने 'सुरक्षित अवतरण'का माध्यममात्र बनिरहेका छन्।

विगतमा गठित थुप्रै समितिले बुझाएका प्रतिवेदनहरू अहिले मन्त्रालयका दराजमा धूलो जमेर बसेका छन्। २०८१ असारको सिमलताल दुर्घटनापछि गठित छवि रिजाल नेतृत्वको समितिको प्रतिवेदन एउटा ताजा उदाहरण हो। उक्त प्रतिवेदनले सडक सुरक्षा परिषद् गठन, अटोमेटेड भेहिकल मनिटरिङ सिस्टम र टाइम कार्डजस्ता महत्त्वपूर्ण सुझाव दिएको थियो। यदि ती सुझावहरू कार्यान्वयन भएको भए सायद त्रिशूली, बैतडी र रामेछापका पछिल्ला दुर्घटनाहरू रोक्न सकिन्थ्यो होला। सुझाव कार्यान्वयनमा देखाउने सरकारी उदासीनताले के पुष्टि गर्छ भने, सरकार नागरिकको ज्यान बचाउनभन्दा प्रक्रिया पुऱ्याउन बढी केन्द्रित छ।

नेपालमा दैनिक औसत सात जनाले सडक दुर्घटनामा ज्यान गुमाउनु सामान्यजस्तै भइसकेको छ। सडकको दयनीय अवस्था, सवारीसाधनको अवस्था परीक्षणमा लापरवाही र तीव्र गति नै दुर्घटनाका मुख्य कारक हुन्। यातायात पूर्वाधारविज्ञहरूले बारम्बार औंल्याएका 'रिफ्रेसमेन्ट सेन्टर' र 'सर्भिलेन्स सिस्टम' कागजमै सीमित छन्। वर्तमान 'नागरिक सरकार'ले निर्वाचन गराउने म्याण्डेट पाएको बहानामा यस्ता संवेदनशील सुरक्षाका विषयलाई थाती राख्नु हुँदैन। कानुनी पूर्वाधार निर्माण र भएका नियमको कडा कार्यान्वयनका लागि सरकारको इच्छाशक्ति नै निर्णायक हुन्छ।

दुर्घटना भएपछि रुवाबासी गर्ने र समिति बनाउने 'तदर्थवादी' सोचले अब पुग्दैन। छानबिन समितिका प्रतिवेदनहरू कार्यान्वयनको कार्ययोजनासहित सार्वजनिक गरिनुपर्छ। सडक सुरक्षा कुनै राजनीतिक एजेण्डा होइन, यो नागरिकको बाँच्न पाउने मौलिक हकसँग जोडिएको विषय हो। अब पनि पुराना प्रतिवेदनहरू दराजमै थन्क्याएर नयाँ समितिको नाटकमात्रै गर्ने हो भने सडकमा भइरहेका यी मृत्युहरूलाई 'दुर्घटना' होइन, 'राज्यको लाचारीले गराएको हत्या' मान्नुपर्ने हुन्छ। सरकार, समितिको फाइल होइन, सडकमा सुरक्षाको अनुभूति गराऊ !

# नेपालका सडक मृत्युको पासो कि विकासको आधार ?



डा. विश्वराज दवाडी

> "अधिकांश ठूला दुर्घटनाहरूलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ। धेरैजसो ठूला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन्। यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ। त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रणबाहिर गई दुर्घटना हुन्छ। कुन सडकमा कस्तो सवारी गुड्ने ?

नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन। हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन'हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्यांकले भरिएका हुन्छन्। सोमबारमात्रै पोखराबाट काठमाडौंतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपऱ्यो भने २५ जना यात्रु घाइते अवस्थामा छन्। यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरू भएका छन्।

प्रहरीको तथ्यांकअनुसार पछिल्ला आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या १९ हजार ३५८ पुगेको छ भने ९६ हजार घाइते भएका छन्। प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकको आठ आर्थिक वर्षमामात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन्। दुर्घटनामा ज्यान गुमाउने नागरिकको संख्या १९ हजार ३५८ पुगेको छ। यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन्। दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन्।

नेपाल प्रहरीको तथ्यांकअनुसार वार्षिक हजारौं मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरवाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन्। दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन्। पहिलो चालकको लापरवाही, दोस्रो सडक पूर्वाधार र तेस्रो यान्त्रिक कारण हो। सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरवाही, सडक पूर्वाधारमा खेलाँची र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ।

यस्तै, सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लंघन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन्। दुर्घटनाले मानिसको अकालमै मृत्यु हुनेमात्र होइन, अपांग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुऱ्याएको छ।

हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ। नेपालको धरातलीय स्वरूप आफैंमा चुनौतीपूर्ण छ। पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन्। इञ्जिनियरिङको दृष्टिले कतिपय सडकहरू मापदण्डविपरीत खनिएका छन्। वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ।

विशेषगरी राजमार्गहरूमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ) हरूको पहिचान र सुधार हुन सकेको छैन। दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरू हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन। पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योलता छ। नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन'को अभाव हो। विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपांग्रे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिँड्ने गर्दछन्। यसले गर्दा दुर्घटनालाई बढाएको छ। यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो। राजमार्गमा गुड्ने चालकसँग अनिवार्यरूपमा सम्बन्धित श्रेणीको अनुमतिपत्र हुनुपर्छ। भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्तिमात्र योग्य मानिन्छन्। तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ।

अधिकांश ठूला दुर्घटनाहरूलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ। धेरैजसो ठूला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा झिसमिसे बिहानीमा हुने गरेका छन्। यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ। त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रणबाहिर गई दुर्घटना हुन्छ। कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने र कस्तो मान्छेले सवारी चालक अनुमतिपत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्त्व दिने गरेको पाइँदैन।

दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ। दुर्घटना भएपछिको पहिलो एक घण्टालाई 'गोल्डेन आवर' भनिन्छ। यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ। नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ। घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार कार्यमा खटिएका हुन्छन्। कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन्। उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरूको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ। क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ। समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन। राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुऱ्याउन सकिँदैन।

### अबको बाटो

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको संख्या पनि ह्वात्तै बढेर गएको छ। बर्सेनि लाखौंको संख्यामा सवारीसाधन भित्रिने गरेका छन् भने वर्षौं पुराना सवारीसाधनहरू पनि सडकमा गुडिरहेका देखिन्छन्। त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन। यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छः

**लेन अनुशासन**ः राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ। एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ। अन्य देशमा लेन अनुशासनलाई निकै महत्त्वका साथ हेरिन्छ।

**गति निगरानी**ः राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन' को प्रयोग गरी तीव्र गतिमा चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ। अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ।

**सवारी परीक्षण**ः पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ। बीसौं वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउने छ।

**चालकको स्वास्थ्य**ः सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरुरी हुन्छ। त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ।

यी माथि उल्लिखित केही सुधारका प्रयासहरू गर्न सकिएमात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ। अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू थप विकराल हुने छ। सडक सुरक्षा केवल सरकारकोमात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो। नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रलेमात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ। अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन। *रासस*

# एक फिरन्तेको जीवनकथा




कृष्ण अधिकारी

> "पुस्तकमा लेखकको फिरन्ते स्वभाव केवल भौगोलिक यात्रासँग सीमित छैन, विचार, दर्शन र जीवन दृष्टिकोणमासमेत अस्थिर देखिन्छ। समग्रमा, यो पुस्तक एउटा व्यक्तिको आत्मकथामात्र नभई एउटा समय, प्रवृत्ति र चेतनाको कथा पनि हो भन्ने आधारहरु धेरै छन्।

पछिल्लो समय आत्मकथा लेख्ने लेखाउने क्रम बढ्दै जाँदा अधिकांशले आफ्नो वास्तविक पक्षभन्दा बनावटी प्रसंगलाई बढी प्राथमिकता दिएर लेखिएका पुस्तकहरू बजारमा धेरै पाइन्छ। यसमा अपवादको रूपमा रहेको कृति हो 'एक फिरन्तेको चटयाङे जीवन'। श्याममोहन श्रेष्ठको आत्मकथा 'एक फिरन्तेको चटयाङे जीवन' नेपाली आत्मकथात्मक साहित्यमा फरक स्वाद र धार बोकेको कृति हो। यो पुस्तक केवल लेखकको व्यक्तिगत जीवनकथा मात्र नभई नेपाली समाज, राजनीति, पत्रकारिता र बौद्धिक यात्राको जीवन्त अभिलेख हो।

आत्मकथा लेख्नु आफैंमा ज्यादै खतरनाक रहर हो। आफ्नोमात्र प्रशंसा गरेर लेख्दा पाठक खुसी नहुन सक्छन् भने आफूलाई इमान्दार भएर लेख्दा चिनजानका अधिकांश मानिसहरू पक्कै खुसी हुने छैनन्। आत्मकथा लेखनका यस्ता समस्यालाई पनि पन्छाउँदै श्याममोहन श्रेष्ठले आफ्नो जीवनका यथार्थतालाई इमानदारीपूर्वक राखेका छन्। यस किसिमको लेखनीले नेपालको सामाजिक ज्ञानको भण्डारलाई फराकिलो बनाउँछ। यो आत्मकथाको प्रमुख विशेषता यसको इमान्दार प्रस्तुति हो।

पुराना पर्यटन व्यवसायी श्याममोहनको यस जीवनकथामा करिब ५० वर्षअघि आफ्नो युवावस्थामा गरेको रोमाञ्चक एवं साहसी काठमाडौं-पेरिस-काठमाडौं स्थलयात्राको विवरण र सोसँग जोडिएका प्रसंगहरूलाई छर्लंग पारिएको छ। पुस्तक आत्मकथामात्रै नभएर यात्रा, प्रेम, रोमान्स, अनुभूति र आत्मखोजको रोमाञ्चक दस्तावेज बनेको छ। पुस्तकका लेखकले आफ्नो जीवनलाई खुला पुस्तकका रूपमा प्रस्तुत गरेका छन्। समाजले कोरेका ठीक, बेठीक आदि नैतिक परिधिको साँधसीमामा नबाँधिइकन निर्धक्कपूर्वक लेखिएको यस पुस्तकले आत्मकथा लेखनमा नयाँ आयाम ल्याएको छ। महत्त्वाकांक्षी सोच राख्नुहुने लेखकले जीवनका घटना र अनुभवलाई कति पनि नलुकाइकन राखेकै कारण पुस्तकले जीवन्तता पाएको छ।




पुस्तक चर्चा

अत्यन्त सहजरूपमा आफ्नो जीवनका सबै घटनालाई साहसपूर्वक खुलेर लेखिएको यसले उपन्यासको झझल्को दिन खोजेको छ। आफ्नो जीवनलाई खुला पुस्तकका रूपमा प्रस्तुत गरेको र समाजले कोरेका ठीक, बेठीक आदि नैतिक परिधिको साँधसीमामा नबाँधिइकन लेखेको बताउने लेखकमा लेखकीय परिपक्व नवीन शैली पाउन सकिन्छ। उतारचढावमय जीवनकथाका सप्तरंगीहरूलाई सरल ढंगबाट प्रस्तुत गरिरहँदा धेरै ठाउँमा ऐतिहासिक प्रसंगहरूलाई उल्लेख गर्न छुटाएका छैनन्। उनका पुराना मित्र विद्वान् केदारभक्त माथेमाले पुस्तकमा पुस्तकमा श्याममोहनले जीवनका रङहरू सबै पोखिनेगरी लेखेको र ती मनोहर रहेको बताएको उल्लेख गरेका छन्। उनी भन्छन्, 'लेख्न त धेरैले लेख्छन् तर यति धेरै खुलेर, अन्तरंग कुराहरू खुल्नेगरी कमै व्यक्तिले लेख्न सक्छन्।'

साहसिक पेरिस यात्रासँग जोडिएको यस पुस्तकमा नेपाल-फ्रान्स सम्बन्धका अनेकन पाटाहरू उजिल्याएको छ। झण्डै ३० वर्ष एयर फ्रान्समा काम गरेका उनले दुई देशबीचको कूटनीतिक सम्बन्धलाई जनस्तरमा फैलाउन उत्तिकै भूमिका खेलेको पाइन्छ। नेपाल-फ्रान्स सम्बन्धमा विशेष भूमिका खेलेबापत उनले सन् २०१९ मा फ्रान्स सरकारको सर्वोच्च नागरिक सम्मान 'सभालियँ दँ लोर्द नेसियोनाल द ला लेजियों दो-नोर्' प्राप्त गरेका थिए। उनी नेपाल-फ्रान्स उद्योग वाणिज्य संघका संस्थापक अध्यक्षसमेत हुन्। साथै, काभ्रेको धुलिखेलमा मिराबेल होटल खोलेर पर्यटन व्यवसायमा उत्तिकै महत्त्वपूर्ण योगदान रहेको छ।

यो पुस्तकले युवा पुस्तालाई सुरक्षित बाटोभन्दा असहज तर सत्यको खोजमा निस्कन प्रेरित गर्छ। समाजमा आफ्नो स्थान खोज्न संघर्ष गरिरहेका युवा पुस्ताका लागि अत्यन्त उपयोगी यस पुस्तक जीवनमा निरन्तर अगाडि बढ्ने तर कहिल्यै हार नमान्नेको जीवनकथा बनेको छ। पढ्न थालेपछि नसकुञ्जेल छाड्न नसकिनेगरी पठनीय बनाउन सक्नुले लेखकीय क्षमतालाई देखाउँछ। पुस्तकको अद्योपान्त अध्ययन गर्दा उनको जीवन प्रारम्भदेखि नै संघर्ष, खोज र प्रश्नले भरिएको छ।

पुस्तकमा लेखकको फिरन्ते स्वभाव केवल भौगोलिक यात्रासँग सीमित छैन, विचार, दर्शन र जीवन दृष्टिकोणमासमेत अस्थिर देखिन्छ। समग्रमा, यो पुस्तक एउटा व्यक्तिको आत्मकथामात्र नभई एउटा समय, प्रवृत्ति र चेतनाको कथा पनि हो भन्ने आधारहरू धेरै छन्।

पुस्तकको अंग्रेजी संस्करण 'एन ओभरल्याण्ड ओडिसी' ल्याएर अंग्रेजी पाठकलाईसमेत सहज पारेका छन्। आफ्नो जीवनको आरोह, अवरोहका बारेमा भावी पिँढीलाई थाहा दिन नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशित छ। दुवै पुस्तकमा झण्डै आठ दशक लामो जीवन यात्राका रोचक-घोचक प्रसंगहरू इमान्दारीपूर्वक समेटिएका छन्। यो पुस्तक आत्मकथामात्रै नभएर यात्रा, प्रेम, रोमान्स, अनुभूति र आत्मखोजको रोमाञ्चक दस्तावेजको रूपमा लिन सकिन्छ। इण्डिगो इन्कले प्रकाशनमा ल्याएको नेपाली पुस्तकको मूल्य ७९९ र अंग्रेजीको मूल्य ५९९ रूपैयाँ रहेको छ। *रासस*

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन। खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ। महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ।



मुस्ताङमा मतपत्र ढुवानी | निर्वाचन आयोगले मंगलबार नेपाली सेनाको हेलिकप्टरमार्फत मतपत्र ढुवानी गर्दै । *तस्बिरः रासस*

# बदर मत घटाउन सक्रिय सहजकर्ता

**गलकोट (बागलुङ)**– यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै बागलुङमा मतदाता शिक्षा कार्यक्रम तीव्र पारिएको छ । यही फागुन ३ गतेदेखि थालिएको मतदाता शिक्षा कार्यक्रमले बदर मत घटाउन सघाउने अपेक्षा गरिएको छ ।

निर्वाचनका क्रममा बदर मतको संख्या न्यून बनाउने उद्देश्यसहित जिल्ला निर्वाचन कार्यालयले मतदाता शिक्षाका लागि वडा-वडामा कर्मचारी खटाइएको छ । खटाइएका सहजकर्ता अहिले टोल-टोलमा पुगेका छन् ।



जिल्ला निर्वाचन कार्यालयका प्रमुख यज्ञप्रसाद रिजालका अनुसार १० वटै स्थानीय तहमा ८५ वटै वडामा मतदाता शिक्षा कार्यक्रम एकसाथ थालिएको छ । मतदातालाई मतदान प्रक्रियाबारे स्पष्ट जानकारी दिनु, मतपत्र प्रयोग गर्ने सही तरिका बुझाउनु तथा मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा सचेत गराउन मतदाता शिक्षा आवश्यक रहेको र त्यसका लागि नमूना मत चिह्नसहितको आवश्यक नमूना मतपत्रसहित वडा तहमा कर्मचारी खटाइएको छ ।

रिजालले मतदाता शिक्षा कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन हुन सकेमा मतदातालाई मतदान गर्न सहज हुने र बदर मतको समस्या उल्लेखनीयरूपमा घट्ने विश्वास व्यक्त गरे ।

विशेषगरी नयाँ मतदाता, पहिलोपटक मतदान गर्ने युवा, ज्येष्ठ नागरिक तथा कम साक्षर मतदातालाई लक्षित गरी व्यावहारिक अभ्याससहित कार्यक्रम सञ्चालन गरिने छ । एक वडा एक सहजकर्ता खटाइएको छ । मतदातालाई मतदान प्रक्रियाको विषयमा जानकारी गराउँदै मतदाताहरूलाई दिएको शिक्षाको विषयमा आयोगमा जानकारी दिने काम भइरहेको बागलुङ नगरपालिका-१ का सहजकर्ता दुर्गा शर्माले जानकारी दिए । उनले अधिकांश जनतालाई मतदानको विषयमा जानकारी भएको र सिकाएको कुरा चासो दिएको बताए ।

कार्यक्रमअन्तर्गत मतपत्रमा सही चिह्न कसरी लगाउने, समानुपातिक र प्रत्यक्ष प्रणालीको भिन्नता, मतदान केन्द्रमा पालना गर्नुपर्ने आचारसंहिता तथा मतदानको गोपनीयतासम्बन्धी विषयमा जानकारी गराउँदै घर-घरमा हिँडेको शर्माको भनाइ छ । शर्माजस्ता ८५ वडाका सहजकर्ताले फागुनको १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने छन् ।

जिल्ला निर्वाचन कार्यालयले सबै मतदातालाई मतदाता शिक्षा कार्यक्रममा सक्रिय सहभागिता जनाउन आग्रह गर्दै, निष्पक्ष, मर्यादित र सफल निर्वाचन सम्पन्न गर्न सामूहिक प्रयास आवश्यक रहेको जनाएको छ । ८५ वटा वडामा ८५ वटा मतदाता शिक्षा सहजकर्ता खटाएर फागुन ३ गते वडामा पठाइएको हो । *रासस*

# उपल्लो डोल्पाका हिउँ छिचोलेर घोडाबाटै सुरक्षा गस्ती

**काँक्रेविहार (सुर्खेत)**– यही फागुन २१ गतेको चुनावलाई लक्षित गरेर हिउँले ढाकिएको उपल्लो डोल्पाको तीन पालिकामा नेपाली सेनाले घोडाबाट गस्ती सुरु गरेको छ । अक्सिजनको कमी हुनाका साथै हिउँले बाटो नै अवरुद्ध भएको उपल्लो डोल्पामा घोडाको प्रयोग गरेर सुरक्षा गस्ती सुरु भएको हो ।

अहिले उपल्लो डोल्पामा पर्ने डोल्पोबुद्धको धो, छार्काताङसोकङको कागकोट र शे फोक्सुण्डोका सुम्दुवामा सेनाले आफ्नो बेस खडा गरेर निर्वाचन लक्षित सुरक्षा गस्ती गरिरहेको हो । प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित एवं निष्पक्ष रूपमा सम्पन्न गर्न सेनाले घोडा प्रयोग गरेर गस्ती सुरु गरेको संग्राम शार्दूल गुल्म सुलिगार्डका गुल्मपति (सेनानी) हरिश शाहीले जानकारी दिए । जिल्लाका आठवटै पालिकामा सैनिक बेस खडा गरेर सेनाले पेट्रोलिङ गरिरहेको पनि सेनानी शाहीले बताए ।

जिल्लाका आठ ठाउँमा सेनाको निर्वाचन लक्षित सुरक्षा बेस क्याम्प खडा गरिएको छ । डोल्पामा ६८ मतदान केन्द्र स्थायी र दुई अस्थायी मतदान केन्द्र तोकिएको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र एकमात्र रहेको डोल्पामा कूल २४ हजार ११५ मतदाता रहेका छन् । जसमा महिला १२ हजार १८७ र पुरुष मतदाता ११ हजार ९२८ रहेका छन् । *रासस*

# आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउँदै 'टेम्केमैयुङ'



**भोजपुर**– भौगोलिक विकटताका कारण समस्या भोग्दै आएका स्थानीयलाई सहजरूपमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन टेम्केमैयुङ गाउँपालिकाले आवश्यक पहल गरेको छ । आधारभूत स्वास्थ्य सेवा लिन स्थानीयले पाएको सास्तीलाई ध्यानमा राख्दै यहाँका दुर्गम छ स्थानमा आधारभूत स्वास्थ्य एकाइ स्थापना गरिएको हो ।

यहाँका नौवटै वडामा एक-एक वटा स्वास्थ्यचौकी रहे पनि स्वास्थ्यचौकीसम्म पुग्न टाढा दूरी पार गर्नुपर्ने नागरिकलाई लक्षित गरेर आधारभूत स्वास्थ्य एकाइ सञ्चालनमा ल्याइएको छ । दुर्गम तथा भौगोलिकरूपमा ठूलो रहेको यस गाउँपालिकाका स्थानीयले स्वास्थ्यसेवा लिन तीनदेखि पाँच घण्टासम्म पैदल हिँड्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले स्वास्थ्य एकाइ सञ्चालन गरी सेवा प्रवाह गरिरहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए ।

उनका अनुसार नागरिकलाई आवश्यक परेको खण्डमा तत्कालै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने, सामान्य औषधि वितरण गर्ने, प्राथमिक उपचार गर्ने तथा जटिल अवस्थाका बिरामीलाई आवश्यक सल्लाह सुझावसहित रेफर गर्ने उद्देश्यले स्वास्थ्य एकाइ सञ्चालनमा ल्याइएको हो । 'भौगोलिक विकटताका कारण जनतालाई समयमै स्वास्थ्य सेवा लिन समस्या भइरहेको थियो,' अध्यक्ष बस्नेतले भने, 'स्थानीयलाई सहज स्वास्थ्य सेवा दिन हामीले छ वटा आधारभूत स्वास्थ्य एकाइ सञ्चालनमा ल्याएका छौं । आगामी दिनमा सेवाको गुणस्तर र पहुँच दुवै विस्तार गर्ने योजना बनाएका छौं ।'

हाल भौगोलिकरूपमा विकट मानिएका वडा नं १ तिम्माको खम्बुखा, वडा नं २ का रुमला र वादुंला, वडा नं ५ खावाको चोलन्ती तथा वडा नं ९ लेखर्कका वैराङ र काभ्रेमा स्वास्थ्य एकाइ सञ्चालनमा रहेका छन् । ती स्थानमा आधारभूत औषधि, प्राथमिक उपचार सेवा तथा आवश्यक स्वास्थ्य परामर्श उपलब्ध गराइँदै आएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईले दुर्गम भेगका स्थानीय सामान्य औषधि उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न स्वास्थ्य एकाइ स्थापना गरिएको बताइन् । 'मानिसको स्वास्थ्य नै धन हो,' उपाध्यक्ष राईले भनिन्, 'सहजरूपमा आधारभूत स्वास्थ्य सेवा पाउनु नागरिकको अधिकार हो । राज्यको सेवा नागरिकको घरदैलोमै पुऱ्याउने हाम्रो दायित्व हो ।' उनका अनुसार स्वास्थ्य सचेतना अभिवृद्धि, नियमित खोप सेवा, सुरक्षित मातृत्व कार्यक्रम तथा सरसफाइसम्बन्धी जनचेतनामूलक गतिविधिसमेत सञ्चालन गर्ने योजना रहेको छ ।

स्थानीयवासी गोरखबहादुर विष्टका अनुसार गाउँमै स्वास्थ्य एकाइ स्थापना भएपछि सिटामोल, जीवनजलजस्ता सामान्य औषधिका लागि घण्टौं धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । 'पहिले सामान्य ज्वरो आउँदा पनि स्वास्थ्यचौकी पुग्न आधा दिन लाग्थ्यो,' उनले भनिन्, 'अहिले गाउँमै उपचार पाउँदा निकै सहज भएको छ ।'

स्वास्थ्य एकाइ स्थापनासँगै स्थानीयमा स्वास्थ्य सेवाप्रति विश्वास बढेको छ । आकस्मिक अवस्थामा तत्काल उपचार पाउने वातावरण बनेको स्थानीयले बताएका छन् । दुर्गम क्षेत्रका नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पहुँचमा ल्याउने उद्देश्यसहित सुरु गरिएको यो अभियानले प्रत्यक्ष लाभ पुगेको स्थानीयको भनाइ छ । *रासस*

# कास्कीमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण

**कास्की (प्रस)**– आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा कास्कीमा चुनावको तयारीका कामलाईसमेत प्राथमिकताका साथ अघि बढाइएको छ । प्रदेश निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासनलगायतका निकायहरूले चुनावलाई प्राथमिकतामा राखेर तयारीका कामलाई तीव्रता दिएका हुन् ।

प्रतिनिधिसभाका तीन निर्वाचन क्षेत्र रहेको जिल्लामा निर्वाचनका लागि दुई हजार १९० जना कर्मचारी खटाइने भएको छ । यसैगरी जिल्लामा मतपत्रसहित ५२ प्रकारका निर्वाचन सामग्री प्राप्त भएको र ती सामग्री छुट्ट्याएर राखिसकिएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिए ।

त्यसैगरी कर्मचारी खटनपटन अन्तिम चरणमा पुगेको र तीनवटै क्षेत्रमा खटिने कर्मचारीको नामावली सार्वजनिक गरिएको न्यौपानेले जानकारी दिए । 'हामीले निर्वाचनको तयारीका कामलाई अन्तिम रूप दिँदैछौं । मतपत्रलगायतका सबै सामग्री प्राप्त भएका छन्, मतदानस्थलमा खटिने कर्मचारीको नामावली प्रकाशित गरिएको छ । सोमबारदेखि मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि तालिम सुरु हुन्छ ।'

सूचना अधिकारी न्यौपानेले भने, 'निर्वाचन कार्यालयले तीन समूहमा गरेर सो तालिम सञ्चालन हुने जनाएको छ ।' निर्वाचनका लागि कर्मचारी खटनपटन निर्देशिकाअनुसार ५०० भन्दा कम मतदाता भएको मतदान केन्द्रमा पाँचजना कर्मचारी रहने छन् । जसमा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारी रहने छन् ।

कास्कीमा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र रहेका छन् । यसैगरी दुईवटा अस्थायी मतदान केन्द्र गरी कूल ३६५ मतदान केन्द्रमा दुई हजार १९० कर्मचारी खटिने छन् । यसैगरी मतदान अधिकृतले मतदान केन्द्रमा चुनावका दिनका लागि तीन जना स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ । निर्वाचन कार्यालयका अनुसार कारागारका कैदीबन्दीका लागि कारागारमा मतदान केन्द्र तोकिएको छ ।

यसैगरी मतदानमा नखटिने कर्मचारीका लागि जिल्ला समन्वय समितिमा रहने मतदान केन्द्रमा कर्मचारीले समानुपातिकतर्फ मत दिने छन् । जिल्लाका ७२ वटै वडामा फागुन ३ गतेदेखि मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको सूचना अधिकारी न्यौपानेले बताए ।

'मत बदर हुन नदिनका लागि जिल्लामा प्रभावकारीरूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्य फागुन १७ गतेसम्म जारी रहन्छ । विगतका निर्वाचनलाई हेरेर यसपटक मत बदर हुन नदिनका लागि मतदाता शिक्षामा जोड दिएका छौं,' न्यौपानेले भने ।

जिल्लामा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ४९ जना उम्मेदवार मैदानमा छन् । यसैगरी मतदाता संख्या तीन लाख आठ हजार ५७२ जना रहेको छ ।


**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, गढी बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**मातृ तथा बालबालिकाका लागि पोषण सुधार कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाबाट आशय पत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/११/१३ गते)**

नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट प्राप्त विशेष अनुदान कार्यक्रम मार्फत यस दशरथचन्द नगरपालिका अन्तर्गत मातृ तथा बालबालिकाका लागि पोषण सुधार कार्यक्रम (Nutrition Improvement Program for Mothers and Children) (DCM/C/NCB/01/2082-83) संचालनका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक योग्यता पुगेका संस्था/कम्पनी/फर्महरूबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम सूचना प्रकाशित मिति देखि २०८२/११/२७ गते दिउँसो १२ बजे भित्र e-GP System को माध्यमद्वारा आशयपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको विस्तृत जानकारीका लागि PPMO को Website: www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Aandhikhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

**Notice for the Letter of Intent**

***(First Publication Date: 25th of February, 2026)***

According to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: **ANDH-W-NCB-PH-11-2082-83** as per the Invitation for Bids published in the national daily newspaper **"Madhyana National Daily"** on **25 December 2025**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-W-NCB-PH-11-2082-83 , Pradhumna Paneru Ma Vi Hostel Building Construction | Shree Aarushi Construction, Rastrabank Chwok Pokhara | 1,91,87,153.02 |

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## 'मितज्यू'को एक महिनामै छायांकन सकियो

अनिल बुढा मगरको निर्देशन रहेको फिल्म 'मितज्यू'को एक महिनामै छायांकन सकिएको छ । वसन्त पञ्चमीको अवसर पारेर दाङस्थित अम्बिकेश्वरी मन्दिरमा शुभ मुहूर्त गर्दै फिल्मले छायांकन थालेको थियो । फिल्मका निर्माता जनक घर्ती मगर हुन् । फिल्म सामाजिक कथावस्तुमा निर्माण भएको छ । फिल्मको दाङ र रोल्पाका विभिन्न स्थानमा छायांकन भएको छ । दयाहाङ राई, सौगात मल्ल, तेरिया फौजा मगर, पुस्कर गुरूङ, शिशिर वाङ्देल, राज थापा, सुवर्ण थापा, अनु थापा, स्मिता लामिछाने, अरूण पुन मगर, उत्तम राज पाण्डे, सविन कट्टेल, उमेश सोनाम, पवित्रा खड्का, चाहाना राना मगर, अनुशा राई, खड्गबहादुर पुन मगर (खबपु) लगायतको अभिनय रहेको फिल्मबाट तेरिया मगरले अभिनेत्रीका रूपमा डेब्यु गर्दैछिन् ।




बुधबार, १३ फागुन २०८२ (Wednesday, 25 February 2026)


# सौन्दर्य उद्यमी संघ नेपाल गठन



■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्युटिपार्लर सञ्चालन गर्दै आएका तथा ब्युटिसियन पेशामा आबद्ध व्यक्तिहरूले 'सौन्दर्य उद्यमी संघ नेपाल' गठन गरेका छन् । शनिबार बेलुका काठमाडौंमा आयोजित एक विशेष समारोहका बीच संघका नवगठित पदाधिकारीहरूले पद तथा गोपनीयताको सपथ ग्रहण गरेका हुन् ।

नव-निर्वाचित कार्यसमितिमा अध्यक्षमा बरिष्ट ब्युटिसियन एवम् रोज ब्युटी एकेडेमीकी अध्यक्ष सुन्दरी काराँजीत (सोनी), उपाध्यक्षमा मनिषा जी.सी. र करुणा श्रेष्ठ, सचिवमा स्वेता मगर श्रेष्ठ र मनिषा श्रेष्ठ, कोषाध्यक्षमा सिर्जना श्रेष्ठ र निलकमल प्रधान रहेका छन् । यस्तै संघको केन्द्रिय कार्यसमिति सदस्यहरूमा ललिता जोशी श्रेष्ठ, निशा थापा, स्मृति सुब्बा (इसू), प्रबिन कला राई, निशा रजक, रवीना तामाङ र शान्ता कार्की चयन भएका छन् । सपथ ग्रहणसँगै नव-निर्वाचित कार्यसमितिले आगामी दिनमा सीप विकास तालिम, व्यवसायिक दक्षता अभिवृद्धि, महिला सशक्तीकरण तथा सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

समारोहमा प्रमुख अतिथि तथा वरिष्ठ चरित्र अभिनेत्री बसुन्धरा भुसालले नवगठित कार्यसमितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिन्। सौन्दर्य व्यवसायलाई व्यवस्थित, मर्यादित र व्यवसायिक बनाउने दिशामा संघले महत्वपूर्ण भूमिका खेल्ने विश्वास उनले व्यक्त गरिन् । आफ्नो पेशामा उत्कृष्ट सिप भएका अग्रज ब्युटिसियनहरूले खेलेको यो संघ दीर्घाकालिन रूपमा अघि बढ्ने विश्वास उनले ब्यक्त गरिन् । बरिष्ट अभिनेत्री बसुन्धराले महिला उद्यमशीलता र आत्मनिर्भरता प्रवर्द्धनमा संघको योगदान उल्लेखनीय रहने धारणा राखिन् ।

कार्यक्रममा संघकी नव अध्यक्ष तथा अग्रज सौन्दर्यविद् सुन्दरी कारनजीत (सोनी) ले संघ गठनको उद्देश्य स्पष्ट पार्दै देशभर छरिएका सौन्दर्य उद्यमीहरूलाई एकताबद्ध गर्ने, उनीहरूको हक-हित संरक्षण गर्ने तथा सीप विकास र व्यवसायिक सुरक्षामा केन्द्रित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरिन्। आधुनिक प्रविधि र अन्तर्राष्ट्रिय मापदण्डअनुसार तालिम सञ्चालन गरी नेपाली सौन्दर्य क्षेत्रलाई थप सुदृढ बनाइने उनको भनाइ थियो ।

उक्त समारोहमा विभिन्न क्षेत्रका व्यक्तित्व, सदस्य तथा शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले नवगठित समितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै संघको आगामी यात्रामा सहकार्य र समर्थन रहने विश्वास व्यक्त गरेका थिए । समारोहमा बरिष्ठ ब्युटिसियन डा. राज्यलक्ष्मी श्रेष्ठले थुप्रै संघ संस्थालाई सफल रूपमा सञ्चालन गरेकी बरिष्ट ब्युटिसियन सुन्दरी काराँजितले सौन्दर्य उद्यमीलाई संघमा समेटेर सराहनीय कार्य गरेको बताईन् ।

## रंगशाला




# साम्बाका लागि जुट्यो खर्च

## रकम संकलन रोक्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी (साम्बा)ले आफ्नो उपचारको लागि आवश्यक खर्च जुटेको बताएकी छिन् ।

कप्तान भण्डारीले सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो उपचारका लागि देश-विदेशबाट उल्लेखनीय आर्थिक सहयोग प्राप्त भएको भन्दै सबै समर्थकप्रति आभार व्यक्त गरेकी छन् । उनले पछिल्लो २४ घण्टामा पाएको साथ, विश्वास र मायाले आफूलाई थप बलियो बनाएकोसमेत उल्लेख गरेकी छन् ।

भण्डारीले सोमबार सामाजिक सञ्जालमार्फत आफ्नो घुँडाको एसिएल शल्यक्रिया गर्नुपर्ने भएकाले सहयोगको अपिल गरेकी थिए । अपिल गरेको २४ घण्टाभित्र आवश्यक रकम उपलब्ध भएको छ । उनले आफ्नो उपचारका लागि नेपाली बैंक खातामा रु एक करोडभन्दा बढी तथा विदेशी प्लेटफर्ममार्फत करिब रु ४५ लाख (५२ हजार न्युजिल्यान्ड डलर) संकलन भइसकेको जानकारी दिएकी छन् ।

यस सहयोगले उपचार खर्चका साथै कतारमा उपचार अवधिमा लाग्ने आवास र यातायात खर्चसमेत पुग्ने देखिएकाले आजैदेखि दुवै खातामा रकम संकलन रोक्न अनुरोधसमेत गरेकी छन् ।

भण्डारीले आफू आबद्ध क्लबले पनि शल्यक्रिया तथा पुनःस्थापनाका लागि बिमा रकम निकासा गरी थप सहयोग गरिरहेको जानकारीसमेत दिएकी छन् । छिट्टै शल्यक्रियाको मिति तय भएर उपचार प्रक्रिया अघि बढ्नेमा आफू विश्वस्त रहेको उनको भनाइ छ ।

चोटका कारण शारीरिकसँगै मानसिक रूपमा पनि थकित भएको उल्लेख गर्दै उनले समर्थकहरूको साथले पुनः उठ्ने साहस दिएको बताएकी छिन् । 'अझ मजबुत भएर मैदानमा फर्किने र पुनः राष्ट्रिय जर्सी लगाएर देशका लागि खेल्ने छु', भण्डारीले प्रतिबद्धता व्यक्त गरेकी छिन् ।

करिब दुई महिनादेखि घुँडामा चोटको कारण नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान भण्डारी मैदान बाहिर हुन् ।

# ब्रिटिस गोर्खाली लिगको मुख्य प्रायोजक ब्रिज इन्टरनेसनल

**काठमाडौं (प्रस)–** बेलायतको प्रतिष्ठित नेपाली क्रिकेट प्रतियोगिता 'ब्रिटिश गोर्खाली क्रिकेट लिग' बीजीसीएलको मुख्य प्रायोजक शैक्षिक परामर्श संस्था 'ब्रिज इन्टरनेशनल' बनेको छ । लन्डनस्थित लिटिल काठमाडौंमा आयोजित एक विशेष समारोहमा दुई संस्थाबीच औपचारिक सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता हस्ताक्षर समारोहमा बेलायती क्रिकेट जगतका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति थियो । कार्यक्रमका प्रमुख अतिथि तथा नेशनल एसियन क्रिकेट काउन्सिलका अध्यक्ष गुलफ्राज रियाज, ह्याम्पशायर क्रिकेट बोर्डका साइमन जोन्स र पूर्व इसिबी म्यानेजर पल बेडफोर्डले बेलायतमा नेपाली समुदायले क्रिकेटमार्फत पुऱ्याएको योगदानको प्रशंसा गरे ।




त्यसैगरी, केन्ट क्रिकेट फाउन्डेसनका क्रिष्टियन राइस, किदाशा फाउन्डेसनका निक ब्यारी र पोर्चुगल क्रिकेटका पूर्व कप्तान मधुकर थापाले पनि लिगको सफलताको कामना गरे ।

समारोहमा बोल्दै ब्रिज इन्टरनेशनलका प्रमुख कार्यकारी अधिकृत भुवन गिरीले खेलकुद र शिक्षालाई परिपूरकका रूपमा अगाडि बढाउन यो सहकार्य महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे । संस्थाका अध्यक्ष महेश गिरीले नेपाली मूलका खेलाडीहरूलाई एउटै व्यावसायिक मञ्चमा ल्याउन पाउनु गौरवको विषय भएको बताए ।

बीजीसीएल बेलायतमा नेपाली खेलाडीहरूलाई लक्षित गरी ४० ओभरको ढाँचामा सञ्चालन हुने पहिलो र एकमात्र लिग हो। हालसम्म पाँच सफल संस्करण सम्पन्न गरिसकेको यो लिग ह्याम्पशायर क्रिकेट बोर्ड र क्लब क्रिकेट कन्फरेन्ससँग आबद्ध छ ।

कार्यक्रममा राम धमालाले स्वागत मन्तव्य दिएका थिए भने ब्रिज इन्टरनेशनलका सीईओ गिरीले संस्थाको उद्देश्यबारे जानकारी गराएका थिए। बीजीसीएलका अध्यक्ष गम गुरुङले लिगको आवश्यकता र प्राविधिक पक्षबारे प्रस्तुति दिएका थिए ।

## कुवेतमा रोजगार

कम्पनी : GULF SECURITY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339497 | चलानी नं. ६०२५२९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 8 | 130 | ६१,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 35 | 0 | 170 | ८०,५२० | | | | | | | |

कम्पनी : FAWAZ TRADING & ENGINEERING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/११/११ | LT. No. 339495 | चलानी नं. ६०२५२९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Supervisor | 3 | 0 | 380 | १७९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Fire Fighting Fitter (Technician) | 5 | 0 | 130 | ६१,५७५ | | | | | | | |
| 3 | Instrument Technician | 2 | 0 | 230 | १०८,९४० | | | | | | | |
| 4 | Labour | 33 | 0 | 100 | ४७,३६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200, 9808046424, 9819844263, E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

## कतारमा रोजगार

कम्पनी : ALZAHFRAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339465 | चलानी नं. ६०२५२९१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 0 | 1200 | ४७,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook General | 3 | 0 | 1500 | ५९,८८० | | | | | | | |
| 3. | Waiter | 1 | 2 | 1500 | ५९,८८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ९७३/०६७/०६८

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal, Telphone No: +977-1-4387902
E-mail: middleorbit@gmail.com, Website: middleorbitoverseas.com

## साउदीमा रोजगार

कम्पनी : Faisal Fahad Hussein Al-Kari Transport Company is a one-person company.

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339487 | चलानी नं. ६०२५२९२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**NABIL OVERSEAS PVT LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

श्रम ईजाजत नं. ३५९/०५९/०६०

## कुवेत/युएइमा रोजगार

कम्पनी : AL-ZOMROUDA COMPANY FOR FOOD SUPPLIES

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 333529 | चलानी नं. ६०२४७२१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef (Asst. Cook) | 21 | 0 | 130 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver (Driver) | 3 | 0 | 150 | ६९,१७० | | | | | | | |

कम्पनी : OTRO BEAUTY SALOON AND SPA

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339455 | चलानी नं. ६०२५२९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 2 | 1500 | ५९,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 5 | 1500 | ५९,३५५ | | | | | | | |
| 3 | Beautician | 0 | 3 | 1500 | ५९,३५५ | | | | | | | |
| 4 | Makeup Artist | 0 | 1 | 1500 | ५९,३५५ | | | | | | | |
| 5 | Messenger | 0 | 1 | 1500 | ५९,३५५ | | | | | | | |
| 6 | Manicurist | 0 | 5 | 1500 | ५९,३५५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१३**

यस सस्थाको तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साबाँ, ब्याज, र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा हाल सम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघंन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुदाँ मिति २०८२/०८/१४ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्नका लागि ३५(पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुदाँ ऋणको सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो लिलाम बिक्री गर्न यो ३५ दिने सूचना धितो लिलामी सम्बन्धि सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित सम्पति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरि लिन इच्छुक संघ, सस्था, फर्म, कम्पनि तथा सर्बसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौ । लिलाम बिक्रीमा सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सूरक्षण बापतको सम्पत्ति सहकारी आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा सस्था आफैले सकार गर्दा साबिकमा सस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा सहकारी आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस सस्थाको सम्पुर्ण लेना रकम असुल नभएमा सम्बन्धित ऋण तथा जमानीकर्ताहरूको अन्य चल-अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी तथा जमानीकर्तालाई कालो सूचीमा समाबेस गरिने ब्यहोरा समेत सबैलाई सूचित गराईन्छ ।

**तपशिल**

| ऋणीको नाम थर ठेगाना | फोटो | जमानीकर्ताको नाम थर ठेगाना | फोटो |
|---|---|---|---|
| **ऋणीको नाम : ममता राणा**<br>बाबुको नाम : श्याम कृष्ण कुवर<br>बाजेको नाम : कृष्ण बहादुर कुवर<br>पतिको नाम : ईन्द्र शम्शेर ज.ब.रा.<br>स्थायी ठेगाना : काठमाण्डौ ३१, काठमाडौं<br>ना.प्र.नं. : ८८३४/८४२९ |  | **जमानीकर्ताको नाम : पाल्साङ लामा**<br>बाबुको नाम : धन बहादुर लामा<br>बाजेको नाम : कानपुर ६, काभ्रेपलान्चोक<br>ना.प्र.नं. : ३०३०१०/५६ |  |

**धितोमा राखिएको सम्पतिको बिबरण**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १४, सिट नं १०२११४२०३ को कित्ता नं ५३८, क्षेत्रफल १९९।५३ र सो कित्तामा बनेको घर समेत ।

**शर्त बन्देजहरू :**

१. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कार्यालय समय भित्र बुझाउन सकिने छ । सो दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समयभित्र बुझाउन सकिनेछ ।
२. प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ३६ औ दिनको ३:०० बजे खोलिनेछ । सो दिन सार्बजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समय भित्र खोलिनेछ ।
३. धितो लिलाम सम्बन्धि अन्य शर्तहरू :

क) लिलाममा सबैभन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर गरिनेछ ।
ख) लिलाम सकार गर्ने ब्यक्ति तथा संघ संस्था वा कम्पनिले उक्त दिन डाँक रकमको १० प्रतिशत रकम धरौटी स्वरूप दाखिला गर्नुपर्नेछ ।
ग) बाँकी रकम १ हप्ता भित्रमा जम्मा गरेमा सस्थाले ७ दिन भित्रमा नामसारी गर्ने ब्यबस्था मिलाउनेछ ।
घ) दाखिला खारेज तथा धितो नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्चहरू सकार गर्ने ब्यक्तिले ब्यहोर्नु पर्नेछ ।
ङ) लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार सस्थामा निहित हुनेछ ।
च) अन्य थप जानकारीको लागि सस्थामा सम्पर्क गर्न सक्नुहुनेछ ।

**क्यापिटल बचत तथा ऋण सहकारी सस्था लि.**
**लगनखेल, ललितपुर**
email : capitalsaving1@ gmail.com, फोन नं.०१-५४२२४९८



स्पेनको म्याड्रिडमा चिनियाँ नयाँ वर्ष मनाउनेक्रममा आयोजित परेडमा नृत्य प्रदर्शन गर्दै यिंगे कलाकारहरू । *तस्बिरः सिन्ह्वा*

# उत्तर कोरियामा किम यो जोङको पदोन्नति



**सियोल–** उत्तर कोरियाको सत्तारूढ वर्कर्स पार्टीले नेता किम जोङ उनका सबैभन्दा विश्वासपात्र मानिने बहिनी किम यो जोङलाई शीर्ष केन्द्रीय समितिभित्र विभाग निर्देशकको जिम्मेवारीमा पदोन्नति गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ । यो निर्णयलाई सत्ता संरचनाभित्र उनको प्रभाव औपचारिकरूपमा अझ बलियो बनाइएको संकेतका रूपमा हेरिएको छ ।

पाँच वर्षमा एकपटक आयोजना हुने पार्टीको शिखर सम्मेलनका लागि हजारौं प्रतिनिधि प्योङयाङमा भेला भइरहेका बेला गरिएको यो पदोन्नतिले कूटनीति, सुरक्षा र रणनीतिक विषयमा किम परिवारको पकड झन् सुदृढ भएको देखाएको छ । किम यो जोङले यसअघि प्रचार संयन्त्रमा वरिष्ठ भूमिका निर्वाह गरेकी थिइन्, तर अहिले कुन विभागको नेतृत्व गरेकी हुन् भन्ने खुलाइएको छैन ।

लामो समयदेखि आफ्ना दाजुका सबैभन्दा नजिकका सहकर्मीका रूपमा चिनिएकी उनले आणविक वार्ता र अन्तर्राष्ट्रिय कूटनीतिमा स्पष्ट र कडा अभिव्यक्ति दिँदै आएकी छन् । अनुसन्धानकर्ता अहन चान-इलका अनुसार किम जोङले पूर्ण भरोसा गर्न सक्ने सीमित व्यक्तिमध्ये उन एक हुन् । सिंगापुर र हनोईमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएका शिखर भेटवार्तामा उनी कार्यस्तर अधिकारीका रूपमा सक्रिय रहेकी थिइन् ।

सन् २०१८ मा प्योङचाङ शीतकालीन ओलम्पिकका अवसरमा विशेष दूतका रूपमा सियोल पुगेपछि उनी अन्तर्राष्ट्रियरूपमा चिनिन थालेकी हुन् । कोरियाली युद्धपछि दक्षिण कोरियामा पाइला टेक्ने किम वंशको पहिलो सदस्य बनेकी उनले त्यसयता वासिङ्टन र सियोलप्रति कडा टिप्पणी गर्दै आएकी छन् । दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओलको सरकारलाई 'संयुक्त राज्य अमेरिकाको वफादार कुकुर' भनी टिप्पणी गरेको प्रसंग चर्चित बनेको थियो । यद्यपि, दक्षिण कोरियाका वर्तमान नेता ली जे म्युङ सत्तामा आएपछि उनको सार्वजनिक भाषा केही नरम देखिएको विश्लेषकहरू बताउँछन् ।

सन् १९८८ मा जन्मिएकी किम यो जोङ पूर्वनेता किम जोङ इल र को योङ हुईका सन्तानमध्ये एक हुन् । स्विट्जरल्याण्डमा शिक्षा हासिल गरेकी उनी सन् २०११ मा आफ्ना पिताको निधनपछि सत्ता संरचनामा द्रुतरूपमा उक्लिएकी थिइन् । उनको पारिवारिक जीवनबारे आधिकारिक विवरण सार्वजनिक गरिएको छैन, तर गत वर्ष सार्वजनिक गरिएको दुर्लभ भिडियोमा दुई साना बालबालिकासँग देखिएकी थिइन् ।

पार्टी सम्मेलनलाई किम जोङले आफ्नो नेतृत्व सुदृढ पार्ने अवसरका रूपमा लिँदै आएकी छन् । किम वंशअन्तर्गत नवौंपटक आयोजना गरिएको यस भेलाले भविष्यको उत्तराधिकारबारे पनि चासो बढाएको छ । विशेषगरी किम जोङकी छोरी किम जु एलाई अघि सारिने सम्भावनाबारे चर्चा भइरहेको छ । दक्षिण कोरियाको राष्ट्रिय गुप्तचर सेवाले उनलाई सम्भावित उत्तराधिकारीका रूपमा हेरिएको जनाएको छ ।

यता, डोनाल्ड ट्रम्पले पुनः भेटका लागि आफू 'सतप्रतिशत' तयार रहेको बताएको भए पनि किम जोङले हालसम्म उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने संकेत दिएका छैनन् । पछिल्लो पदोन्नतिसँगै किम यो जोङको भूमिका आन्तरिक शक्ति सन्तुलन र बाहृय कूटनीतिमा झन् निर्णायक बन्ने अनुमान गरिएको छ । *रासस/एएफपी*

# जापानी कम्पनीमाथि चिनियाँ प्रतिबन्ध

**बेइजिङ–** ताइवान विषयलाई लिएर चीन-जापान सम्बन्धमा चर्किएको कूटनीतिक तनावबीच चीनले मंगलबार ४० जापानी कम्पनीमाथि कडा निर्यात निगरानी र नियन्त्रण उपाय घोषणा गरेको छ । बेइजिङले २० कम्पनीलाई सीधै निर्यात नियन्त्रण सूचीमा राख्दै चिनियाँ निर्यातकर्ताहरूलाई ती संस्थासँग दोहोरो प्रयोगका सामग्रीको कारोबार गर्न प्रतिबन्ध लगाएको छ भने थप २० कम्पनीलाई कडा निगरानी सूचीमा समावेश गरेको छ ।

चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार नागरिक र सैन्य दुवै प्रयोजनमा प्रयोग गर्न सकिने 'दोहोरो प्रयोग' सामग्री अब ती २० कम्पनीलाई बेच्न पाइने छैन । मन्त्रालयले जारी गरेको विज्ञप्तिमा 'सबै चलिरहेका सम्बन्धित गतिविधिहरू तुरुन्तै बन्द हुनुपर्छ' भनेर स्पष्ट निर्देशन दिइएको छ । विदेशी संस्था वा व्यक्तिलाई समेत चीनमा उत्पादित त्यस्ता सामग्री ती सूचीकृत कम्पनीलाई उपलब्ध गराउन रोक लगाइएको जनाइएको छ ।

प्रतिबन्ध सूचीमा परेका कम्पनीहरूमा जहाज निर्माण, विमान इञ्जिन तथा समुद्री मेसिनरी उत्पादनमा संलग्न मित्सुबिशी हेवी इण्डस्ट्रिजका सहायक कम्पनीहरू, कावासाकी हेभी इण्डस्ट्रिज तथा फुजित्सुका केही डिभिजनहरू समावेश छन् । निगरानी सूचीमा राखिएका कम्पनीसँग कारोबार गर्न चाहने चिनियाँ निर्यातकर्ताले व्यक्तिगत इजाजतपत्रका लागि आवेदन दिनुपर्ने छ र जोखिम मूल्यांकन प्रतिवेदनसहित जापानी सेनाले ती सामग्री प्रयोग नगर्ने लिखित प्रतिबद्धता पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त सूचीमा सुबारू कर्पोरेसन, मित्सुबिशी मटेरियल्स कर्पोरेसन र इन्स्टिच्युट अफ साइन्स टोकियोजस्ता संस्थाहरू रहेका छन् ।

चिनियाँपक्षले यी कदमलाई जापानको पुनः सैन्यीकरण र सम्भावित आणविक महत्त्वाकांक्षाप्रति चासो व्यक्त गर्दै 'पूर्णरूपमा वैध, उचित र कानुनी' उपाय भएको दाबी गरेको छ । मन्त्रालयले यी निर्णय केवल सीमित संख्याका संस्थालाई लक्षित गरिएको र सामान्य आर्थिक तथा व्यापारिक आदानप्रदानमा असर नपर्ने स्पष्ट पारेको छ । 'इमानदार र कानुन पालन गर्ने जापानी संस्थाहरूले चिन्ता गर्नुपर्ने कुनै कारण छैन,' विज्ञप्तिमा उल्लेख छ ।

यो निर्णयलाई गत नोभेम्बरमा जापानी प्रधानमन्त्री साने ताकाइचीले ताइवानको सुरक्षासम्बन्धी सम्भावित अवस्थाबारे व्यक्त गर्नुभएको धारणापश्चात् विकसित हुँदै आएको द्विपक्षीय संवेदनशीलताको निरन्तरताका रूपमा हेरिएको छ । बेइजिङले ताइवानलाई आफ्नै भू-क्षेत्रसँग सम्बन्धित विषयका रूपमा व्याख्या गर्दै आएको छ र यस सम्बन्धमा आफ्नो अडान स्पष्ट राख्दै आएको छ । ताइवानको हैसियतबारे बाहृय पक्षबाट आउने अभिव्यक्तिहरूप्रति चीनले सामान्यतया सावधानीपूर्ण र संवेदनशील प्रतिक्रिया जनाउँदै आएको छ ।

यसैबीच, ताकाइचीको दलले यस महिनाको सुरुमा सम्पन्न संसदीय निर्वाचनमा उल्लेखनीय विजय हासिल गरेको छ, जसले जापानको सुरक्षा, आप्रवासन तथा रणनीतिक नीतिमा अझ रूढीवादी धार सुदृढ गर्ने अपेक्षा गरिएको छ । पछिल्लो चिनियाँ कदमलाई क्षेत्रीय शक्ति सन्तुलन र आपूर्ति शृंखलामा प्रभाव पार्न सक्ने संकेतका रूपमा पनि विश्लेषण गरिएको छ । *रासस/एपी*

# अमेरिकामा नयाँ कर लागू



**वासिङ्टन–** सर्वोच्च अदालतले विश्वव्यापी करसम्बन्धी पुरानो निर्णय खारेज गरिदिएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो व्यापार नीति पुनर्संरचना गर्दै आयातीत वस्तुहरूमा नयाँ अमेरिकी कर मंगलबारदेखि लागू गराएका छन् । सुरुमा १० प्रतिशत कायम गरिएको यो करलाई ह्वाइट हाउसले 'संयुक्त राज्य अमेरिकाको गम्भीर भुक्तानी सन्तुलन घाटा सम्बोधन गर्ने उपाय'का रूपमा व्याख्या गरेको छ ।

राष्ट्रपति ट्रम्पले उक्त दरलाई १५ प्रतिशतसम्म पुऱ्याउने योजना सार्वजनिक गरेका छन् । यद्यपि, क्षेत्र-विशेष अनुसन्धानअन्तर्गत रहेका उत्पादन तथा अमेरिका-मेक्सिको-क्यानाडा व्यापार सम्झौताअन्तर्गत पर्ने सामानहरूमा छुट दिइने अपेक्षा गरिएको छ । नयाँ कर कांग्रेसले समयावधि नबढाएसम्म १५० दिनसम्ममात्र कायम रहने छ र यसलाई दीर्घकालीन व्यापार नीतितर्फको संक्रमणकालीन कदमका रूपमा हेरिएको छ ।

गत शुक्रबार सर्वोच्च अदालतले सन् १९७७ को कानुन प्रयोग गरी विभिन्न देशमा एकतर्फी कर लगाउने कार्य राष्ट्रपतिको अधिकारभन्दा बाहिर रहेको ठहर गर्दै पुराना विश्वव्यापी करहरू खारेज गरेको थियो । यद्यपि, स्टिल र अटोमोबाइलजस्ता क्षेत्रमा लागू गरिएका क्षेत्र-विशिष्ट कर भने यथावत् रहेका छन् । अमेरिकी भन्सार तथा सीमा सुरक्षाले अदालतले रद्द गरेका करको संकलन रोकेको जनाएको छ भने मंगलबारदेखि नयाँ १० प्रतिशत कर उठाउन सुरु गरेको पुष्टि गरेको छ ।

कर फाउण्डेसनकी उपाध्यक्ष एरिका योर्कका अनुसार नयाँ कर वार्षिक करिब १२ खर्ब डलरबराबरको आयातमा लागू हुने छ । यो कूल आयातीत वस्तुको झण्डै ३४ प्रतिशत हो । उनका अनुसार सन् २०२५ मा यसले औसत अमेरिकी परिवारमाथि करिब एक हजार डलरबराबरको थप भार पार्ने छ र विद्यमान तथा प्रस्तावित करहरूका कारण सन् २०२६ मा करिब ७०० डलर घरेलु खर्च बढ्न सक्ने अनुमान छ ।

सर्वोच्च अदालतको निर्णयपछि राष्ट्रपति ट्रम्पले आफ्नो अधिकार 'अत्यधिकरूपमा सीमित गरिएको' टिप्पणी गरेका छन् र आवश्यक परे वैकल्पिक कानुनी उपाय प्रयोग गर्ने संकेत दिएका छन् । पूर्वअमेरिकी व्यापार अधिकारी वेण्डी कटलरका अनुसार अदालतको फैसलापछि राष्ट्रपतिलाई व्यापारिक असन्तुष्टि व्यक्त गर्न नयाँ उपकरण खोज्नुपर्ने अवस्था आएको छ । उनले कडा इजाजतपत्र शुल्कजस्ता उपाय सम्भावित विकल्प हुन सक्ने बताएका छन्, तर त्यसले परम्परागत करको मात्रात्मक प्रभाव दिन नसक्ने उल्लेख गरेका छन् ।

राष्ट्रपति ट्रम्पले अदालतको निर्णयपछि पनि व्यापारिक साझेदारहरूलाई 'खेल नखेल्न' चेतावनी दिँदै आवश्यक परे थप कर वृद्धि गर्न सकिने बताएका छन् । अमेरिकी व्यापार प्रतिनिधि जेमीसन ग्रियरले टेलिभिजन अन्तर्वार्तामा वर्तमान कर सम्झौताहरू यथावत् रहेको र साझेदार राष्ट्रहरूले आफ्ना प्रतिबद्धता पूरा गर्ने अपेक्षा गरिएको बताएका छन् ।

तर बेलायत र अस्ट्रेलियाजस्ता केही देशले अब १५ प्रतिशतसम्मको करको सम्भावना सामना गर्नुपर्ने हुन सक्छ, जुन अघिल्लो १० प्रतिशत दरभन्दा उच्च हो । विश्लेषकहरूले यस कदमले केही साझेदार राष्ट्रमा असन्तुष्टि बढाउन सक्ने र दीर्घकालमा अमेरिका बाहिर आपूर्ति शृंखला विविधीकरण गर्ने प्रयास तीव्र हुन सक्ने संकेत गरेका छन् । *रासस/एएफपी*

# म्यान्माको नयाँ संसद् मार्च १६ मा पहिलो सत्र बोलाउने

**बैंकक–** म्यान्माको नयाँ संसद् आगामी मार्च १६ मा पहिलो सत्र बोलाउने भएको छ । यो सन् २०२१ मा सेनाले आङ सान सुकीको नेतृत्वमा रहेको निर्वाचित सरकारको सत्ता कब्जा गरेपछि पाँच वर्षभन्दा बढीमा हुने पहिलो बैठक हुने छ । निर्वाचनपछि मंगलबार देशको सरकारी मिडियाले चुनावको आलोचना गर्नेहरूले यो चुनाव स्वतन्त्र वा निष्पक्ष नभएको बताएको रिपोर्ट गरेका छन् ।

संसद्को पहिलो सत्र डिसेम्बर र जनवरीमा देशका ३३० वटा टाउनसिपमध्ये २६३ ठाउँमा चरणबद्धरूपमा भएको चुनावपछि सुरु हुँदै छ । सेना समर्थित युनियन सोलिडेरिटी एण्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) ले बहुमत जितेको छ भने पूर्वसत्तारूढ नेसनल लिग फर डेमोक्रेसी र अन्य दलहरूले अनुचित सर्तका कारण चुनावमा भाग लिन अस्वीकार गरेका थिए ।

सरकारी समाचारपत्र अलिनका अनुसार ४४० सिट भएको तल्लो सदनको अधिवेशन मार्च १६ मा सुरु हुने छ । माथिल्लो सदन २२४ सिटका लागि दुई दिनपछि नेपिटोमा खुल्नेछ र १४ वटा क्षेत्रीय सदन मार्च २० मा भेला हुने छन् ।

हालको प्रक्रियाले पूर्ण नागरिक शासनमा रूपान्तरणको संकेत नदिए पनि, सेना र यसको सहयोगीहरूले संसद्का दुवै सदनमा अधिकांश सिटहरू ओगटेका छन् । निर्वाचन आयोगका अनुसार दुई सदनको कूल ५८६ सिटमध्ये युएसडिपीले ३३९ सिट जितेको छ । संविधानअनुसार सेनाले स्वतः १६६ सिट पाउने भएकाले, सैन्य सरकार र यसको सहयोगीहरूको नियन्त्रणमा कूल ५०५ सिट पुगेको छ ।

नयाँ संसद्को पहिलो कार्य प्रत्येक सदनका अध्यक्ष चयन गर्नु, त्यसपछि राष्ट्रपति र दुई उपाध्यक्ष चयन गर्नु हुने छ । वर्तमान सैन्य सरकारका प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङले राष्ट्रपति पद ग्रहण गर्ने अपेक्षा गरिएको छ । यद्यपि, संविधानले राष्ट्रपतिलाई सेनाको कमाण्डर-इन-चिफ पद एकसाथ राख्नबाट रोक्छ । *रासस/एपी*


## मलेसियामा रोजगार

कम्पनी : D & F MANAGEMENT HOLDINGS SDN BHD — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/११/११ | LT. No. 339425 | चलानी नं. ६०२५२८५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 20 | 0 | 1700 | ६३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १९ गते (3rd Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. — Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदीमा रोजगार

कम्पनी : NORTH STAR OPERATION AND MAINTENANCE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/११/११ | LT. No. 339288 | चलानी नं. ६०२५२९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 11 | 0 | 1800 | ६९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD — Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## कतारमा रोजगार

कम्पनी : QATAR STEEL INDUSTRIES FACTORY W.L.L

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 317542 | चलानी नं. ६०२३१७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 2 | 0 | 1200 | ४५,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Male | 4 | 0 | 1000 | ३७,८९५ | | | | | | | |
| 3 | Gen. Cleaner Worker | 4 | 0 | 1200 | ४५,४७५ | | | | | | | |
| 4 | Labourer (Male) | 26 | 0 | 1200 | ४५,४७५ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४५,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD — Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कुवेतमा रोजगार

कम्पनी : STYROBORE PANEL CENTER FOR POLYSTYRENE PRODUCTION

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 332357 | चलानी नं. ६०२४६२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labour -Indoor | 20 | 0 | 90 | ४१,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd. — श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## साउदीमा रोजगार

कम्पनी : NORTH GULF CARPENTRY WORKSHOP

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | LT. No. 338495 | चलानी नं. ६०२५२६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder (ironsmith) | 1 | 0 | 1500 | ५८,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL BAREZAH COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339307 | चलानी नं. ६०२५२९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and facility cleaning worker | 100 | 0 | 1000 | ३८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० गते (4th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | कामदार आफैंले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD — Govt. License 1399/074/75
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np

## ओमनमा रोजगार

कम्पनी : HAMOOD ALRSHIDI AND BROS TRAD CO LLC

पूर्व स्वीकृति मिति : २०८२/११/१२ | LT. No. 339456 | चलानी नं. ६०२५२९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Jigger | 4 | 0 | 190 | ७१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Milling Machine Operator | 2 | 0 | 190 | ७१,८१० | | | | | | | |
| 3. | Packing & Packaging Worker | 3 | 0 | 120 | ४५,३५५ | | | | | | | |
| 4. | Sorting Operator | 5 | 0 | 190 | ७१,८१० | | | | | | | |
| 5. | Stone Boring Worker | 3 | 0 | 120 | ४५,३५५ | | | | | | | |
| 6. | Stone Burnishing Manual Worker | 3 | 0 | 120 | ४५,३५५ | | | | | | | |
| 7. | Stone Circular Saw Operator/stone Disc Saw Operator | 2 | 0 | 190 | ७१,८१० | | | | | | | |
| 8. | Stone Lathe Operator | 3 | 0 | 190 | ७१,८१० | | | | | | | |
| 9. | Stone Sorter | 4 | 0 | 120 | ४५,३५५ | | | | | | | |
| 10. | Worker, Stone Cutting & Burnishing | 4 | 0 | 120 | ४५,३५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २० र २१ गते (4 & 5 Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd. — श्रम इजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१४८०० | प्रति तोला – ० | प्रति तोला – ५५८५ |



व्यावसायिक तरकारी खेती | कञ्चनपुरकको शुक्लाफाँटा नगरपालिका–१० झलारीस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको जग्गा भाडामा लिएर स्थानीय किसानले व्यावसायिक रूपमा गरेको काउलीलगायतको तरकारी खेती । *तस्बिर : राजेन्द्रप्रसाद पनेरू/रासस*

## नेप्सेमा २१ अंकको उछाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार २१ दशमलव ६२ अंकले बढेर दुई हजार ६३८ दशमलव ६० को बिन्दुमा कायम भएको छ ।

३२८ कम्पनीका ९३ लाख ६४ हजार ९३८ कित्ता शेयर ४९ हजार ९३ पटक खरिदबिक्री हुँदा रु चार अर्ब २३ करोड २४ लाख सात हजार ६१३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

सबै समूहका उपसूचक बढेका छन् । बैंकिङ शून्य दशमलव ३०, विकास बैंक एक दशमलव ११, वित्त शून्य दशमलव ६४, होटल तथा पर्यटन दुइ दशमलव ०२, जलविद्युत् एक दशमलव २७, र लगानी समूह शून्य दशमलव ६१ प्रतिशतले बढेका छन् । जीवन बीमा समूह शून्य दशमलव ७०, उत्पादन तथा प्रशोधन एक दशमलव ७६, लघुवित्त शून्य दशमलव ७९, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बीमा शून्य दशमलव ५२, व्यापार एक दशमलव ४९, र अन्य समूह शून्य दशमलव ३३ प्रतिशतले बढेका छन् ।

सलपा विकास बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नेपाल एसबिआई बैंक लिमिटेडको शेयर मूल्य तीन दशमलव ५८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको रु ३७ करोड ७२ लाख ९१ हजार ३२० बराबरको खरिदबिक्री भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडका छ लाख ९७ हजार १४८ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

मौद्रिक नीति अर्धवार्षिक समीक्षा

## क्षेत्रगत कर्जा विस्तार र पूर्वाधार लगानीमा सहजीकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्दै ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई यथावत् राखेको जनाएको छ ।

समीक्षामार्फत केन्द्रीय बैंकले उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्ने नीति अघि सारेको छ । यसअन्तर्गत कृषि, ऊर्जा तथा लघु, घरेलु र साना उद्यममा लागू गरिएको क्षेत्रगत कर्जा सीमाको दायरा विस्तार गरी पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगलाई समेत समेटिने भएको छ । साथै, बैंक तथा वित्तीय संस्थाले प्रत्येक प्राथमिकता क्षेत्रमा कायम गर्नुपर्ने न्यूनतम कर्जा अनुपातसम्बन्धी व्यवस्था परिमार्जन गरिने जनाइएको छ ।

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन पनि संशोधन गरिने भएको छ । नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह र वित्तीय विवरणको विश्लेषणका आधारमा कर्जाको अवधि निर्धारण गर्न सक्नेछन् । यसैगरी, ऋणीले वर्षमा कम्तीमा लगातार सात दिन चालु पुँजी कर्जाको बक्यौता १० प्रतिशतभन्दा कम गर्नुपर्ने प्रावधान संशोधन गरी ३० प्रतिशतभन्दा कम कायम गर्नुपर्ने व्यवस्था गरिनेछ ।



महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित भएका उद्यम/व्यवसायलाई राहत दिने उद्देश्यले त्यस्ता क्षेत्रमा प्रवाहित कर्जालाई न्यूनतम १० प्रतिशत ब्याज असुल गर्दै २०८३ असार मसान्तसम्म पुनःसंरचना वा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था मिलाइने भएको छ ।

विदेशी विनिमय जोखिम व्यवस्थापनअन्तर्गत बैंक तथा वित्तीय संस्थाले गर्ने नन-डेलिभरेबल फरवार्ड कारोबारमा प्राथमिक पुँजीको सीमा २५ प्रतिशतबाट बढाएर ३० प्रतिशत कायम गरिएको छ । त्यस्तै, डाटा सेन्टर, क्लाउड कम्प्युटिङ, रोबोटिक्स ल्याब र आर्टिफिसियल इन्टेलिजेन्सजस्ता पूर्वाधार निर्माणमा विदेशी लगानी सहजीकरण गरिने तथा यस्ता परियोजनामा सहवित्तीयकरणमार्फत कर्जा प्रवाह प्रोत्साहित गरिने राष्ट्र बैंकले जनाएको छ ।

विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न चेकमार्फत हुने कारोबार क्रमशः घटाउने रणनीति अवलम्बन गरिएको छ । साथै, परिस्थितिजन्य कारणले ऋण चुक्ता गर्न नसक्ने ऋणीलाई कालोसूचीमा नराख्ने तथा उचित कारणसहित बक्यौता तिर्ने प्रक्रिया अघि बढाएमा अधिकतम छ महिनासम्म कालोसूचीबाट हटाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिने उल्लेख छ ।

समीक्षामा हालै स्वीकृत दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७) मा उल्लेखित केन्द्रीय बैंकसँग सम्बन्धित कार्यक्रमहरू चरणबद्ध रूपमा कार्यान्वयन गरिने पनि जनाइएको छ ।

## उन्नत जातका सुन्तलाका बेर्ना वितरण

**भोजपुर (प्रस)–** किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यले यहाँको भोजपुर नगरपालिका-५ बोखिमका किसानलाई उन्नत जातका सुन्तलाका बेर्ना वितरण गरिएको छ । वडा कार्यालयले १५० किसानलाई करिब एक हजार २५० सुन्तलाका बेर्ना वितरण गरेको हो । बोखिम क्षेत्र सुन्तला उत्पादनका लागि उपयुक्त मानिन्छ । किसानलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा बेर्ना उपलब्ध गराइएको वडाध्यक्ष फविन्द्र प्रधानले जानकारी दिए । ती बेर्ना धनकुटास्थित पारीपात्ले सुन्तला जात अनुसन्धान केन्द्रबाट ल्याइएका हुन् ।

'उन्सु जापानिज' र 'खोकु स्थानीय कलमी' जातका सुन्तलाका बेर्ना वितरण गरिएको वडाध्यक्ष प्रधानले बताए । यस वर्ष वडाले सुन्तला तथा अंगुरका बेर्ना वितरणका लागि रु दुई लाख बजेट विनियोजन गरेको छ । मागका आधारमा हाल सुन्तलाका बेर्ना वितरण गरिएको र केही समयपछि अंगुरका बेर्ना पनि वितरण गरिने उनको भनाइ छ ।

'बोखिम सुन्तला खेतीका लागि उपयुक्त क्षेत्र हो,' वडाध्यक्ष प्रधानले भने, 'सदरमुकाम नजिक भएकाले बजारको समस्या छैन । किसानलाई व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित गर्दै आयआर्जनमा जोड्ने उद्देश्यले बेर्ना वितरण गरेका हौं ।' हाल यहाँका करिब ३०० किसान सुन्तला खेतीमा आबद्ध छन् । स्थानीय किसान भीमबहादुर दाहालले उन्नत जातका बेर्ना वितरण कार्यक्रमले किसानलाई ठूलो राहत मिलेको बताए ।

## प्रविधि विस्तारबाट गहुँको उत्पादन बढाइने

■ प्रभाव संवाददाता

**लुम्बिनी–** रूपन्देहीको सम्मरीमाई गाउँपालिकाका किसान अजयकुमार यादव परम्परागत तरिकाले गहुँखेती गर्दै आएका थिए । भारतीय सीमा क्षेत्रसँग नजिक भएकाले उनले भारतबाट गहुँको बीउ ल्याएर प्रयोग गर्दै आएका छन् । आवश्यक प्राविधिक ज्ञानको अभावमा पर्याप्त उत्पादन लिन पनि सकेका थिएनन् । गहुँ उत्पादन राम्रो आम्दानी लिने सोचका साथ यादव राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले आयोजना गरेको उन्नत गहुँखेती प्रविधि तालिममा सहभागी भए ।

तालिमका क्रममा उनले उन्नत जातको प्रमाणित बीउ छनोट गर्ने विधि, छर्ने तरिका, सन्तुलित मलखाद व्यवस्थापन, समयमै सिँचाइ, रोग तथा कीरा व्यवस्थापन र उत्पादन वृद्धि गर्ने आधुनिक अभ्यासबारे प्राविधिक ज्ञान हासिल गरे । एकहप्ते तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नेमात्र होइन, गाउँका अन्य किसान दाजुभाइलाई समेत सिकाउने प्रतिबद्धता यादवले व्यक्त गरेका छन् ।

**माटो परीक्षण गरेर सन्तुलित मलखाद कसरी प्रयोग गर्ने, सिँचाइ व्यवस्थापन, रोग र कीरा व्यवस्थापन, झार नियन्त्रण, कटानी र भण्डारणजस्ता कुरा किसानलाई सिकाइएको भैरहवा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका संयोजक डा. रोशन बस्नेतले बताए ।**

रूपन्देहीमा आयोजना गरिएको तालिममा २४ जिल्लामा २५ जना किसानको सहभागिता थियो । तालिममा किसानबाहेक १५ जना सम्बन्धित विषयका विद्यार्थीहरू पनि तालिममा सहभागी थिए । एक हप्तासम्म किसानलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट उन्नत गहुँखेती प्रविधि तालिम सिकाइएको थियो । तालिममा सहभागी अधिकांश किसानलाई नयाँ विकास गरिएका गहुँका जातबारेसमेत थाहा थिएन ।

तालिममा उपयुक्त जात छनोट कसरी गर्ने, बीउ उपचार, समयमै रोपाइँ, लाइनमा छर्ने विधि सिकाइएको थियो । माटो परीक्षण गरेर सन्तुलित मलखाद कसरी प्रयोग गर्ने, सिँचाइ व्यवस्थापन, रोग र कीरा व्यवस्थापन, झार नियन्त्रण, कटानी र भण्डारणजस्ता कुरा किसानलाई सिकाइएको भैरहवा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका संयोजक डा. रोशन बस्नेतले बताए ।

नेपाल कृषि अनुसन्धान परिषद् बाली तथा बागवानी अनुसन्धान निर्देशक डा टेकप्रसाद गोतामेलेका अनुसार राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले खाद्य सुरक्षासँगै पोषण सुरक्षालाई प्राथमिकतामा राख्दै पछिल्लो छ दशकमा ५४ वटा उन्नत गहुँका जात विकास गरेको छ । हाल थप चार जात सिफारिसको चरणमा रहेको र १३ वटा पुराना जात सिफारिस सूचीबाट हटाइएको छ ।

उनले अनुसन्धान कार्यक्रमले तराई क्षेत्रका लागि जिंक गहुँ-१, जिंक गहुँ-२ र बोर्लग-२०२० तथा पहाडी क्षेत्रका लागि खुमलशक्ति, भेरीगंगा र हिमगंगा जात विकास गरेको जानकारी दिए । यी जातमा जिंक र आइरनको मात्रा बढी पाइने तथा रोग, कीरा र जलवायु परिवर्तनको असर सहन सक्ने क्षमता उच्च रहेको दाबी गरिएको छ । नयाँ जातबाट प्रतिहेक्टर साढे पाँच टनसम्म उत्पादन लिन सकिने वैज्ञानिकहरूको दाबी छ । वैज्ञानिकहरूका अनुसार उन्नत जात प्रभावकारी रूपमा किसानसम्म पुर्‍याउन सके र मलखाद तथा सिँचाइको उचित व्यवस्थापन गर्न सके देश गहुँमा आत्मनिर्भरमात्र होइन, निर्यात गर्ने अवस्थासम्म पुग्न सक्छ ।

**पाठेघरको मुखको क्यान्सरका लक्षण**

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु ।
- योनीबाट बढि मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ